# धुलिखेल नगरपालिकाको पाँचौ नगर सभामा
# नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठद्धारा प्रस्तुत
# आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट

नगरसभाका सभाध्यक्ष महोदय सम्पुर्ण सभासदज्यूहरु

यस सम्मानित नगर सभामा आर्थिक वर्ष २०७६।०७७ को वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने पृष्ठभूमिमा सभामा उपस्थित भइरहँदा सोको पूर्वशर्तका रुपमा रहेको यस धुलिखेल नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम पारित गर्नु पर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को व्यवस्थाका आधारमा उल्लिखित नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु । यस अवसरमा हालसम्म प्राप्त भएको राजनैतिक उपलब्धीका निमित्त आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जलि प्रकट गर्न चाहन्छु । संघर्षको दौरानमा घाईते भई हालसम्म कष्टपूर्ण अपाङ्गता जीवन भोगीरहनु भएका योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु । धुलिखेल नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था र राज्यको पुनरसंरचनाको प्रारम्भिक अभ्यास आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ । यद्यपि, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा धुलिखेल नगरपालिकाकाको बजेट तथा योजना तर्जुमा समितिको सिफारिसका आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट छलफल भई पारित हुन पेश गर्ने अनुमति चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रममा अधिकांश प्रतिवद्धताहरु गत आर्थिक वर्षमा यसै सम्मानित सभाबाट पारित नीति तथा कार्यक्रमको निरन्तरतामा बढी ध्यान दिइएको छ भने केही कुराहरु बदलिँदो परिस्थिति समेतलाई मध्यनजर गरी उपयुक्तताका आधारमा पेश गरिएको व्यहोरा समेत म यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । नेपालको राज्य पुन:संरचना पछि सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचन पश्चात् धुलिखेल नगरपालिकाका तर्फबाट पाँचौ नगर सभामा तेस्रो पटक नीति, बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छु । जनताले सात दशकसम्म गरेको बलिदानपूर्ण संघर्ष पछि यो सुनौलो अवसर हामी समक्ष जुरेको छ । नेपालको संघीय संरचना अन्तरगत जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्वसाधारणमा समेत वोध गराउने यो सुखद समयलाईलाई स्मरण गर्न चाहन्छु ।

१. बाह्रौं शताब्दि पूर्व नै स्थापित भै मध्येकालमा विकास भएको भारत तथा तिब्बत बीचको व्यापारिक मार्गमा अवस्थित धुलिखेल आजभन्दा ६०० बर्ष अगाडि स्थापित भएको एउटा सुन्दर पहाडी नगरी हो । कला, संस्कृति र रहनसहनमा धनी नेवार समुदायको वस्ती रहेको यस नगरीको नाम धली ख्य: भन्ने शव्दबाट उत्पत्ति भएको विश्वास गरिन्छ । शव्दानुवाद गर्दा दहीको चौर भन्ने अर्थ लाग्ने धली ख्य: नामबाट विकासको प्रारम्भिक कालमा नै धुलिखेलको सम्पन्नता र वैभवलाई झल्काउँदछ ।

२. नेपालको सर्न्दभमा एउटा उत्कृष्ट पर्यटकीय गन्तव्यको पहिचान बनाएको धुलिखेल, राजधानीबाट केवल ३० कि.मी.को दुरीमा अवस्थित एउटा शितल, शान्त, प्रदुषणरहित, हरियालीयुक्त सहर भनेर चिनिन्छ । २०६८ को जनगणनामा ३२१६३ जनसंख्या रहेको यो सानो सहरले विगत देखि नै विकासमा अलग्गै पहिचान निर्माण गरेको छ । लगानीलाई केन्द्रित गरी राष्ट्रमा नै गर्व गर्न लायक संरचनाहरु जस्तै काठमाडौं विश्वविद्यालय, धुलिखेल अस्पताल तथा सामुदायिक खानेपानी आयोजना सफलतापूर्वक सम्पन्न गरेको वा स्थापनामा सहयोग गरेको यस नगरपालिकाले आफ्नो बजेट भन्दा पनि वैदेशिक सहयोगलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्ने नगरको परिचय समेत बनाएको विषय यहाँहरुलाई स्मरण गराउन चाहान्छु ।

३. धुलिखेललाई आजको अवस्थामा पुऱ्याउन यसलाई मायाँ गर्ने कयौं अग्रज तथा समाजसेवीहरुको पसिना बगेको छ। हामी वहाँहरु सबैप्रति ऋणी छौं। १२ औ शताब्दि अगावै वस्ती विकास भएको यस क्षेत्रलाई आनन्द मल्लले व्यवस्थित बसोबास गराई चोच्छे टोल, दुटोल, वटोल र इटोलको विकासबाट जग राखि धुलिखेल नगरी आज ५५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको र १२ वडा रहेको ठूलो र फराकिलो नगर बन्न पुगेको छ। आज यो नगर विविध संभावना, अवसर र चुनौतिहरुका बीचमा उभिएको छ। प्रज्ञा, शक्ति र एकतामा जोड दिदै संस्कृति, सम्पदा र कलाको जगेर्ना गरी शिक्षा र स्वास्थ्यको केन्द्रको रुपमा विकास गर्दै धुलिखेललाई महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा चिनाउँदै, हरियालीयुक्त, वातावरणमैत्री, स्मार्ट धुलिखेलको निर्माण गर्ने सोचका साथ अगाडि बढ्ने प्रण गरेको धुलिखेल, गौरवशाली इतिहास र समृद्ध भविष्यको बीचमा उर्जाशील वर्तमान लिएर उभिइरहेको छ। यसर्थ हामी धुलिखेलवासी शौभाग्यशाली छौं।

४. देशको राजधानी काठमण्डौंसँग नजिक रही पर्यटन, व्यापार, जलस्रोत, कृषि र खानीको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको स्रोत र साधनको सु-व्यवस्थित उपयोगले धुलिखेलवासीको सम्वृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो नगरसभा सफल हुने विश्वास लिएको छु।

५. दुईवटा राष्ट्रिय राजमार्ग, प्रतिष्ठित विश्वविद्यालय, अत्याधुनिक अस्पताल लगायतका पूर्वाधार भएको, एउटा उपत्यकाको रुपमा फैलिएको धुलिखेललाई प्रदेश नं. ३ को राजधानीको रुपमा विकास गर्न सकिने प्रवल संभावना रहेकोले, सरोकारवालाहरु सवै समक्ष यसै मञ्चबाट पुनः अनुरोध गर्दै त्यस दिशामा अगाडि बढ्ने यहाँहरु समक्ष प्रण गर्न चाहन्छु। सामाजिक सद्भाव र सहिष्णुताको बेजोड उदाहरणको रुपमा रहेको धुलिखेलको उक्त प्रस्ताव सहर्ष स्वीकृत गर्न यस प्रदेशका सवै सरोकारवाला निकायहरुलाई हार्दिक अनुरोध समेत गर्न चाहन्छु।

६. यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्ग दर्शनको रुपमा रहने आगामी आ.व. ०७६/०७७ को वार्षिक नीति, कार्यक्रमको जानकारी गराउन पाउँदा अत्यन्त खुशी लागेको छ। यस अवसरमा नगरपालिकाका प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, सञ्चार जगत्, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एवम् धुलिखेल नगरवासी सम्पूर्ण आदरणीय आमा-बुबा, दाजु-भाइ तथा दिदी-बहीनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु

आदरणीय सभाध्यक्षज्यू,

अब म चालू आ.व. ०७५।०७६ को बजेट समीक्षा पेश गर्न अनुमति चाहन्छु :

आ.ब २०७५/७६ मा समानीकरण अनुदान रु १० करोड ७५ लाख, सर्शत अुनदान रु २० करोड १६ लाख, डिएफआडिको सडक मर्मत ९० लाख, सडक बोर्ड नेपाल ६५ लाख, सामाजिक सुरक्षा भत्ता बापतको रकम रु ५ करोड ६२ लाख, समपूरक अनुदान ८० लाख, प्रधानमन्त्री स्वरोजगार कार्यक्रम ५ लाख २१ हजार, प्रदेश सरकार समानीकरण ७९ लाख ९९ हजार, सर्शत अनुदान २ करोड २१ लाख ३० हजार, नगर विकास कोष ऋण १ करोड २५ लाख, यूनिसेफ नेपाल ४ लाख ५ हजार, सियास समेत ४ लाख १३ हजार ९३५, आन्तरिक आय मौज्दात अल्या समेत ९ करोड ९५ लाख ६ हजार ९४७ र जनसहभागिता २ करोड समेत जम्मा कुल रु. ६७ करोड ५३ लाख ५१ हजार ०४१ को बजेट तथा कार्यक्रम तर्जूमा गरिएको थियो। आर्थिक बर्ष सम्पन्न नभइसकेको र कतिपय योजना कार्यान्वयनको चरणमा रहेको कारणले यर्थाथ आम्दानी तथा यर्थाथ खर्चको विवरण पेश गर्न सम्भब भएन तर पनि आन्तरिक आय तर्फ मौज्दात अल्या समेत ९ करोड ९५ लाख ६ हजार ९४७ अनुमान गरिएको मध्य ७ करोड ५ लाख ३७ हजार ७४२ अर्थात् ७० प्रतिशत संकलन भएको साथै चालू आर्थिक बर्षको जेष्ठ मसान्त सम्म चालू खर्च २३ करोड ४१ लाख ६२ हजार ३८४ अर्थात ६६.०६ प्रतिशत तथा पूँजीगत खर्च १५ कराड ४७ लाख २१ हजार ९१४ अर्थात ४५.९३ प्रतिशत भएको जानकारी गराउँदछु।

१. आन्तरिक आयको लक्ष हासिल हुन नसकेको, समपुरक अनुदान तर्फ अनुमान गरिएको रु १ करोड ३० लाख प्राप्त हुन नसकेको र सवारी साधन कर तर्फ चालू आ.व.मा कुनै रकम प्राप्त हुन नसकोले २ करोड ३० लाख घाटा हुने देखिन्छ ।

२. प्रायः सम्पूर्ण कार्य उपभोक्ता समिति मार्फत गरिएको कारणले लागत सहभागिता जुटाउन कठिनाई तथा पेश्की विना काम गर्न नसक्ने अबस्था पर्न गै समयमै सम्झौता नहुने, एवम् समयमै पेश्की फर्स्यौट नगर्ने प्रवृतिका कारण आशातीत प्रगति हासिल गर्न सकिएको अवस्था छैन । ठेक्का मार्फत गरिने कार्यमा पनि डिएफआडिको रकमको ठेक्का हालसम्म नलाग्नु जस्ता समस्याहरु आई यस्तो परिस्थिति पर्न गएको छ । यसलाई गंभिर रुपमा मनन् गरी आगामी दिनमा जनप्रतिनिधिहरु समेत परिचालित भै प्रभावकारी अनुगमन गर्दै पूँजीगत खर्चमा उल्लेख्य प्रगति गर्ने आशा तथा विश्वास दिलाउन चाहन्छु ।

३. गत विगत वर्षको बेरुजुको अंक ठुलो रहे पनि चालु आर्थिक वर्षमा समान्य रहेता पनि यसलाई फछ्र्यौट गर्न सकिएको छैन । चालू आ.व.मा लेखा समितिको गठन भएकोले बेरुजु फछ्र्यौटलाई तिब्रता दिइ आर्थिक अनुशानलाई कायम गरिनेछ ।

४. चालू आर्थिक बर्षमा हामीले लिएका नीतिहको समग्र कार्यान्वयनको अवस्था हामीले हासिल गरेको महत्वपूर्ण उपलब्धिहरु क्षेत्रगत रुपमा गरिएको प्रगतिको विवरण तथा हामीले भोगेका कठिनाई तथा अप्ठ्याराहरु एवम् सिकाईहरु समेटिएको प्रगति प्रतिवेदन यस पूर्व उप-प्रमुखज्यूवाट आजै यस सभामा पेश भैसकेको छ ।

सभाध्यक्ष महोदय

अव म आगामी आ.व. २०७६/०७७ को वजेट तथा कार्यक्रम तर्जुमाका गर्दा लिईएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शनका वारेमा जानकारी गराउँन चाहान्छु ।

१. नेपालको संविधानले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
२. वडा भेला वाट आएका सुझाव तथा कार्यकमहरु ।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकताका आधारहरु ।
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता तथा भौगोलिक तथा क्षेत्रगत सन्तुलनका आधारहरु ।
५. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था ।
६. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु ।
७. नेपाल सरकार अर्थ मन्त्राललवाट समानीकरण अनुदान र राजश्ज बाडफाँटको सिलिङ्ग सहितको मार्गदर्शन ।
८. संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानून तथा मापदण्डहरु ।
९. संघीय सरकार र प्रदेश तहबाट प्राप्त अन्य मार्गदर्शन एवम् निर्देशन तथा सुझावहरु ।
१०. चौधौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु तथा पन्धौ योजनाको आधार पत्र ।
११. जनतासँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरु ।
१२. मानवीय समृद्धि तथा सुखी जीवनका निमित्त संयुक्त राष्ट्र संघले निर्दिष्ट गरेका दीगो विकासका लक्षहरु ।

१३. एकिकृत नगर विकास योजना

१४. चौबषिय कृषि विकास योजना

१५. नगरपालिकाको आन्तरिक स्रोत र साधन तथा यसको सम्भाब्यता र चूनौतिहरु ।

**आदरणीय सभाध्यक्षज्यू तथा सम्पूर्ण सभासदज्यूहरु**

आदरणीय सभासदज्यूहरु एवम् उपस्थित महानुभावहरु ,
प्रस्तुत नीति, योजना र कार्यक्रम कार्यान्वयनको लागि नेपाल सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान १२ करोड ७ लाख, सर्शत अनुदान २१ करोड २१ लाख र समपुरक अनुदान २ करोड समेत जम्मा ३५ करोड २८ लाख । प्रदेश सरकारवाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान १ करोड १ लाख ६० हजार, सर्शत २ करोड ५० लाख र समपुरकम अनुदान १ करोड समेत ४ करोड ५१ लाख ६० हजार । राजश्व बाँडफाँड अन्तर्गत बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर ७ करोड ५० लाख, घरजग्गा रजिष्टेशन शुल्क ४ करोड ५० लाख र सवारी साधन कर २ करोड २१ लाख ५८ हजार समेत गरि १४ करोड २१ लाख ५८ हजार । आन्तरिक आय मौज्दात अ.ल्या. समेत रु ९ करोड ४५ लाख । नगर विकास कोष ऋण १ करोड २२ लाख, समाजिक सुरक्षा भत्ता ८ करोड ५० लाख, सडक बोर्ड नेपाल ५० लाख, डिएफआडिको सहयोगमा सडक मर्मत ९० लाख, स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम १ करोड, प्रधान मन्त्री स्वरोजगार कार्यक्रम ४० लाख तथा जनसहभागिताबाट २ करोड ५० लाख गरी कुल जम्मा रु ७८ करोड ४८ लाख १८ हजार वजेट सीमा कायम गरेको छु ।

उक्त बजेटबाट वडा कार्यालय तर्फ चालू खर्च ६५ लाख २८ हजार, सामाजिक सुरक्षा कार्यक्रम चालू खर्च ८ करोड ५० लाख, संघ सरकारको सशर्त अनुदानमा चालू खर्च १५ करोड ७७ लाख ३८ हजार, नगरपालिका कार्यालयको चालू खर्च ८ करोड ७६ लाख ९० हजार समेत समग्रतामा चालू खर्च तर्फ ३३ करोड ६९ लाख ५६ हजार अर्थात ४२.९३ प्रतिशत र पूजिगत तर्फ वडा कार्यालय ५ करोड ४० लाख, नगरपालिका कार्यालय ३९ करोड ३८ लाख ६२ हजार समेत पूजिगत खर्च तर्फ ४४ करोड ७८ लाख ६२ हजार अर्थात ५७.०७ प्रतिशत हुने गरी बाँडफाँड मिलाएको छु

अब म उल्लेखित बजेटको सिलिङ्गमा रहि आगामी आर्थिक बर्ष २०७६।०७७ का लागि प्रस्ताव गरेको योजना, कार्यक्रम तथा हामीले उच्च प्राथमिकता दिएका विषयहरुको वारेमा प्रकाश पार्न चाहान्छु ।

१. हामीले गत आ.व.मा एकमुष्ट वजेट विनियोजन गरी निर्माण थालनी गरेको ठुला सडक आयोजनाहरुलाई निरन्तरता दिएको छु । धुलिखेल नगरको केन्द्रसँग वडाकेन्द्रहरुसँग सिधा सडक सञ्जालसँग जोड्ने नीति अनुरुप धुलिखेल-शारदा वतासे-शंखु र धुलिखेल-कुत्ताल-रविओपी-देविटार बिपि राजमार्गबाट अरनिको राजमार्ग जोड्ने पहुँच मार्ग, पात्लेखेत लागायतका रणनैतिक सडकहरु निर्माणमा रु ४ करोड विनियोजन प्रस्ताव गरेको छु ।

२. नगर यातायात गुरुयोजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ । सडक तथा सार्वजनिक जग्गा अतिक्रमणलाई कडाईका साथ नियन्त्रण गरिनेछ ।

३. नगर विकास कोषको १ करोड २२ लाख ऋण तथा नगरपाकिकाको साझेदारी रकमबाट निर्माणधीन सपिङ्ग कम्पलेक्स यसै वर्ष सम्पन्न भई सञ्चालनमा आउने छ । सभा हल निर्माण कार्यलाई नियमितता दिई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सेमिनारहरु संचालनका लागि आर्कषण गरिने छ । यसले नगरपालिकाको आन्तरिक आय बढोत्तरी हुने अपेक्षा गरिएको छ ।

४. डिएफआईडिको सहयोग र सडक बोर्ड तथा नगरपालिकाको सहकार्यमा निर्माणहुने १२.५ कि.मि. बाटो दुई बर्ष भित्र सम्पन्न गरिने छ ।

५. विगत ९ बर्ष देखि संचालनमा रहेको काभ्रे उपत्यका एकीकृत खानेपानी परियोजनालाई आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने गरी यस नगरपालिकाको दायित्व वहन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६. दिगो विकासका लक्ष्य नं ६ अनुरुप सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्नका लागि एक घर एक धाराको नीतिलाई कार्यान्वयनका लागि यस नगरको वडा नं १ र ११ बाट शुरुवात समेत गरिएकोमा उक्त कार्यलाई नियमितता दिई हाम्रै कार्यकाल भित्रमा सम्पूर्ण घरधुरीमा धारा जडान गरि सुरक्षित खानेपानी उपलब्ध गराईने छ । यस अभियान अन्तर्गत यसै बर्ष ६३० घरधुरीमा धारा पुगिसक्नेछ । आगामी आ.व. मा थप २००० घरधुरीमा खानेपानी पुऱ्याउने लक्ष लिईएको छ । यसको कार्यान्वयनका लागि एकमुष्ट रु. ३ करोड वजेट प्रस्ताव गरेको छु । नगरको समग्र खानेपानीको प्रभावकारी ब्यवस्थापन गर्नका लागि नगर भित्र रहेका सवै खानेपानी उपभोक्ताहरुको सहभागिता हुन गरि नगरस्तरिय खानेपानी बोर्ड गठन गरिने छ ।

७. फण्ड बोर्डको साझेदारीमा रु ७८ लाखको लागतमा नगरपालिका वडा नं ८ मा निर्माणाधीन सिटाघारी खानेपानी आगामी आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

८. वडाहरुलाई विकासको पहिलो केन्द्रको रुपमा विकास गर्न आगामी आर्थिक बर्षमा प्रत्येक वडामा चालू तर्फ रु ५ लाख ४४ हजार तथा पूजिगत तर्फ ४५ लाख गरि ६ करोड ५ लाख २८ हजार बजेट बिनियोजन गरेको छु । यसको अलवा प्रत्येक वडालाई जनसंख्या, भुगोल, सिमान्तकृत जनसमुदाय आदिलाई समेट्ने गरि रु २ करोड थप बजेट बिनियोजन गरेको छु । यसबाट विगत वर्षमा सञ्चालित आयोजनाहरुलाई यसै वर्ष सम्पन्न गरी थप नयाँ योजनाहरुको कार्यारम्भ गरिनेछ ।

९. धुलिखेल नगरपालिकालाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न विभिन्न रणनीतिहरु तथा कार्यक्रम संचालन गरिएको छ । यहाँका पर्यटन ब्यवसायी सम्बद्ध संघ संस्थाको साझेदारीमा पर्यटन प्रर्वद्धनका कार्यकमहरु गरिने छ । साथै पर्यटन सम्मेलन सम्पन्न गर्न, पर्यटन सूचना केन्द्रको लागि बजेटको व्यवस्था गरेको छु । यो केन्द्रलाई समुदायको साझेदारीमा संचालन गरिने छ । धुलिखेलको ऐतिहासिक संग्रहालय निर्माण, पुरानो बजार क्षेत्रको जिर्णोद्धार तथा पुनः निर्माणमा जनचेतनामूलक कार्य गर्ने, टुडिखेल तथा देवीस्थान क्षेत्रको विकास गर्न तथा नगरक्षेत्रभित्र पार्क, विश्रामस्थल, मनोरञ्जन स्थल लगायत समग्र नगरको पर्यटकीय विकासको लागि रु ९५ लाख विनियोजन गरेको छु ।

१०. कृषि क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार निर्माण तथा प्राविधिक परिचालन गरी कृषि उत्पादन अभिवृद्धिका लागि आ. व. २०७६।०७७ को कार्यक्रममा विशेष कार्यक्रम ल्याइनेछ । सोका लागि धुलिखेल नगरपालिकाबाट तयार गरिएको चौबर्षिय कृषि रणनीतिक योजना अनुसार बार्षिक बजेटको व्यवस्था गरिने छ ।

११. ब्यवसायिक कृषि उत्पादन तथा विस्तार गर्न सकिने वडाहरुलाई प्राथमिकता दिई सबै वडाहरुमा कृषि प्राविधिकहरुको व्यवस्था गरिने छ ।

१२. **"एक हप्ता एक दिन खेत बारिमा केहि छिन"** अभियान मार्फत श्रमको वातावरण तयार गरिने छ । बाझो जमिनमा सिंचाईको ब्यवस्था गर्नुका साथै सामुहिक खतीलाई प्रोत्सान गरिने छ ।

१३. अर्गानिक उत्पादन स्थानीय बजारमा ब्यवस्थापन नगरका ग्रामीण बस्तिहरुमा स्थानीय अर्गानिक उत्पादनमा जोड दिदै स्थानीय उत्पादन बिक्रिको बाजार ब्यवस्थापनको लागि कृषि उपज बजार केन्द्र स्थापनामा जोड दिईने छ ।

१४. कृषिक्षेत्रको लागत न्यूनिकरण गरी किसानहरुको मुनाफा अधिकतम गर्नका लागि कृषि यान्त्रिकीकरणमा जोड दिईनेछ । यसका लागि कृषि मार्फत सञ्चालन हुने गरी ५० प्रतिशत

अनुदानमा पावर ट्रिलर, थ्रेसर, रिपर, प्लास्टिक टनेल जस्ता कृषि सामाग्रीहरु वितरण गर्ने व्यवस्था मिलाएको छु ।

१५. कृषि क्षेत्रलाई यान्त्रिकरण, आधुनिकीकरण र व्यवसायीकरणका साथै अर्गानिक कृषि कार्यलाई प्रवर्धन गर्न सिप्रेड संगको साझेदारीमा कृषि आधुनिकीकरण कार्यक्रम संचालन गरिनेछ । वि.पि. राजमार्ग आसपासमा जाइकाको सहयोगमा संचालित कृषि विकास कार्यक्रमको निरन्तरताको लागि आवश्यक पहल गरिने छ । यसै गरि किसान २ परियोजना, फलफुल र तरकारीको श्रृखला अभिवृद्धि कार्यकमको निरन्तरता दिईने छ । समग्र कृषि क्षेत्रको कार्यान्वयनको लागि रु ५० लाख बजेटको ब्यवस्था गरेको छु ।

१६. नेपाल सरकारले अवलम्बन गरेको सहकारी, सार्वजनिक तथा नीजि तीनखम्बे अर्थनीति अनुसार नगरबासिको आर्थिक विकासको निमित्त **"एक वडा एक नमुना सहकारी, एक सहकारी एक उत्पादन कार्यकम"** उपलब्ध गराईने छ ।

१७. धुलिखेल नगरक्षेत्रका अधिकांश नागरिकहरुको मूख्य पेशाका रुपमा रहेको पशु व्यवसाय प्रवर्द्धनका लागि पशु स्वास्थ्य, नश्ल सुधार, पशु आहारा प्रवर्द्धन तथा यान्त्रिकीकरणमा जोड दिईएको छ । पशु वीमा कार्यक्रममा लाग्ने पशुपालकहरुले व्यहोर्नु पर्ने प्रिमियमको २५ प्रतिशत मध्ये १५ प्रतिशत नगरपालिकाको तर्फबाट उपलब्ध गराउने व्यवस्था गरेको छु । थुनेलो रोग नियन्त्रणका लागि गोठसुधार कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ । यसका लागि संघीय तथा प्रादेशिक बजेटका सशर्त कार्यक्रमका अतिरिक्त नगरपालिकाको तर्फबाट रु ३० लाख बजेटको व्यवस्था गरेको छु ।

१८. **"एक वडा एक नमुना पशु फार्म"** स्थापाना गरि पशुविकासमा जोड दिईने छ ।

१९. कृषकहरुलाई पशुपालन सम्बन्धि सिपमूलक तथा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ । साथै हिउदे तथा बहुबषिय घासको विरुवा वितरण गरि पशुअहारको दिगो ब्यवस्थापान गरिने छ ।

२०. आगामी आर्थिक वर्षमा शैक्षिक गुणस्तर वृद्धिका लागि कृयाशिलता बढाइने छ । शिक्षा सम्बद्ध कानूनको अभावमा पर्याप्त तयारी नभएकोले चालू आ.व.मा यस क्षेत्रमा उल्लेख्य प्रगति गर्न सकिएको छैन । विद्यालयको नक्शाकंन र विद्यालय गाभ्ने, शैक्षिक क्यालेण्डर लागु गर्ने, शिक्षकको कार्य समयको निगरानी र अनुगमन तथा कानून बमोजिमका अन्य प्रकृयाद्धारा शिक्षा क्षेत्रको सुशासन वृद्धिमा ठोस उपलब्धी हासिल गरिने छ । साथै शिक्षक दरवन्दी मिलानको कार्य आगामी आ.व.०७६।७७ मा पूरा गरिने छ ।

२१. शिक्षा तर्फ हाम्रो प्राथमिकता बाल विकास र शिक्षण शिकाई तर्फ केन्द्रित रहेको छ । नेपाल सरकाले दिने कार्यकम खर्चको अलवा बैज्ञानिक एवं बालमैत्री सिकाई क्रियाकलाप प्रवर्द्धन गर्न वहुकक्षा वहुस्तर (MGML) शिक्षण पद्धति १२ वटा विद्यालयमा संचालन भईरहेकोमा थप ४ वटा विद्यालयमा विस्तार गरिने छ सो का लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । यसको लागि साझेदारी संस्था मार्फत त्यतिनै थप रकम परीचालन गरी कार्यकम कार्यान्वयन गरिनेछ । ECD मा सहयोगी कार्यकर्ताहरुलाई प्रति व्यक्ति रु ५ हजार पोषाक भत्ता तथा प्रति महिना रु १०००।० प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिएको छु । कक्षा ८ को परीक्षा र परीक्षार्थिको तथ्याकं कमप्यूटर सफ्टवेयर बनाई नगरपालिकावाटै व्यवस्थापन गरिएकोमा सो को निरन्तरता दिईने छ । यसै बर्ष नगरपालिकाको सर्भरमा यसको तथ्याकं राख्ने व्यवस्था मिलाएको छु । नगरपालिका क्षेत्रमा विभिन्न विद्यालय पूर्वाधार निर्माणमा लागत साझेदारीका लागि बजेटको व्यवस्था गरेको छु ।

२२. काठमाण्डौ विश्व विद्यालयको समन्वय तथा धुलिखेल अस्पतालको नेतृत्वमा यस क्षेत्रका मध्ययम तहका विद्यार्थीहरुलाई लक्षित गरी स्वास्थ्य तर्फको प्राविधिक शैक्षिक कार्यक्रम थालनी

गरिने छ। यसबाट स्थानीय युवाहरुको क्षमता विकास र रोजागारीमा वृद्धि हुनेछ भने अस्पताल तथा विश्वविद्यालय र सुमदाय बीचको सम्बन्ध प्रगाढ हुने विश्वास लिएको छु ।

२३. यस क्षेत्रका उच्च शिक्षाका विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्जीवनी क्याम्पस र धुलिखेल क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुलाई केन्द्रित गरी छात्रवृत्ति रकमको रुपमा रु २ लाख बजेट विनियोजन गरेको छु ।

२४. यस नगरपालिका भित्र रहेको काठमाण्डौ विश्वविद्यालयमा हुने उच्च शिक्षाका लागि धुलिखेल नगर क्षेत्रका विद्यार्थीहरुलाई अध्ययन कोटाको व्यवस्थालाई निरन्तरता दिईएको छ । विश्वविद्यालय र नगरपालिकाका बीचमा सुमधुर सम्वन्ध स्थापित गर्न नीतिगत पहल लिइनेछ । सार्वजनिक निजी साझेदारीको अवधारणामा एक कृषि तथा पर्यटनको व्यवसायिक विद्यालय स्थापना र संचालन गर्न पहल गरीने छ। धुलिखेल अस्पताल संगको साझेदारीमा सामाजिक सुरक्षाका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२५. विद्यालय जाने उमेरका सवै वालवालिकाहरुका लागि गुणस्तरीय सान्दर्भिक र समतामूलक पहुँचको सुनिश्चितता गरिने छ ।

२६. विद्यालयहरुमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिने छ ।

२७. धुलिखेल नगरपालिकालाई आकर्षक शैक्षिक हवका रुपमा विकास गर्दे लगिने छ ।

२८. "एक वडा ए**क नमुना विद्यालय"** कार्यक्रमलाई अघि बढाई उच्च शिक्षा र प्राविधिक शिक्षाको विकास तथा प्रवर्द्धनका लागि कार्यक्रम लागू गरिने तथा कानुन बनाई विद्यालय शिक्षालाई नियमन र सहजीकरणका माध्यमबाट गुणस्तरीय र आम जनमानसमा विश्वासनीय बनाउन पहल गरिनेछ । यसका लागि लोकतान्त्रिक पद्धतिअनुसार स्थापित जननिर्वाचित सँस्था र पदाधिकारीलाई अनुगमनको जिम्मेवारी कानुनबाटै तोकी विद्यालयहरुलाई सेवाप्रति जवाफदेही गराउन नेतृत्वकारी कार्य गरिनेछ ।

२९. CTEVT संगको सहकार्यमा अल्पकालिन तथा दिर्घकालीन तालिम संचालन गरिने छ ।

३०. नेपाली सेनाको मातहतमा स्थापना हुन लागेको सुरक्षा विज्ञान विश्वविद्यालय धुलिखेल नगरपालिका भित्र निर्माण गर्ने गरी आवश्यक पहल गरिने छ ।

३१. धुलिखेल नगर क्षेत्रभित्र सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण अभिवृद्धि गर्न तथा जीवनोपयोगी शिक्षा प्रवर्द्धन गर्ने उद्देश्यले माध्यमिक विद्यालयहरुमा कृषि, पशु र पर्यटन जस्ता प्राविधिक विषय पठन पाठन गर्ने व्यवस्था मिलाईने छ ।

३२. नगरपालिका भित्रका ३ वटा विद्यालयलाई नमुना विद्यालय बनाईने छ । समग्र शिक्षा क्षेत्रको लागि संघ तथा प्रदेशको सशर्त अनुदानका अतिरिक्त रु ६५ लाख थप बजेट विनियोजन गरेको छु ।

३३. चालू आ.व.मा सञ्चालित मेयर कप फुटवल तथा भलिवल प्रतियोगितामा युवाहरुको उत्साहजनक सहभागिता रहेको थियो। यी कार्यक्रमहरुलाई परिमार्जन सहित निरन्तरता दिइएको छ । समग्र खेलकुद क्षेत्रको विकासको लागिरु ३० लाख बजेट विनियोजन प्रस्ताव गरेकोछु । युवाहरुलाई उद्यमशीलताका तालीम तथा खेलकुदका कार्यक्रम मार्फत तथा नगरपालिकाले हालै बनाएको युवा परिषद् मार्फत नगरपालिकासँग जोडिने छ ।

३४. धुलिखेल बजारमा रहेको खेलमैदानलाई एन्फासगको साझेदारीमा अत्याधुनिक सुविधा सम्पन्न बनाईने छ ।

३५. सन् २०२० सम्ममा समग्र नगरलाई वालमैत्री नगरपालिका बनाउँने नीतिलाई पुरा गर्ने शिलशिलमा हालै नगरपालिकाको वडा नं १० वालमैत्री वडा घोषणा भएकोमा आगामी आ.व.मा ६ वटा वडाहरु वालमैत्री वडा घोषणा गरिने छ । बालावालिकाहरुको समग्र विकासमा

नगरपालिकाले विशेष ध्यान दिने छ । यसको प्रभावकारी कार्यान्वयनका लागि रु ५० लाख बजेटको व्यवस्थापन गरेको छु ।

३६. स्वास्थ्य क्षेत्र तर्फ नेपाल सरकारवाट प्राप्त शसर्त अनुदानको अलावा बजेट थप गरेको छु । औषधी खरिदमा थप बजेटको व्यवस्था गर्दे, महिला स्वास्थ्य स्वयं सेविकालाई बैठक भत्ता वृद्धि, नगर स्वास्थ्य केन्द्र संचालनको लागि अनुदानको व्यवस्थाका साथै स्वास्थ्य उपकरण खरिद र श्रोत साधनको व्यवस्थापन गरि स्वास्थ्य सेवा चुस्त बनाईनेछ ।

३७. नगरपालिका भित्रमा सवै स्वस्थ्य सेवा केन्द्रहरुमा पर्याप्त औषधि उपकरण र जनशक्तिको सुनिश्चितता गरीने छ । स्वास्थ्य क्षेत्रको जनशक्तिको अभावमा स्वास्थ्य सेवा अवरुद्ध हुन दिईने छैन । धुलिखेल अस्पताल लगायत संगको सहकार्यमा घुम्ती सिविरहरु संचालन गरीने छन् । नगरपालिका स्वास्थ्य सेवा केन्द्रहरुको स्तरवृद्धि गरिने छ । स्वास्थ्यकर्मी हरुको सेवाको निरन्तरताको अनुगमन गरिने छ । हेलचेक्राई तथा लापरवाहीलाई दण्डनीय बनाईने छ ।

३८. स्वस्थ्य विमा कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गरिने छ ।

३९. धुलिखेल नगरपालिका भित्रका गर्भवती महिलाहरुवाट धुलिखेल अस्पताल र Birthing Centre मा बच्चा जन्माएमा सेफ्टी सामाग्री र नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराउने नीतिलाई नियमितता दिईने छ ।

४०. समग्र स्वास्थ्य क्षेत्रको एकीकृत सूचनाको व्यवस्थापनको लागि धुलिखेल अस्पतालको साझेदारीमा स्थापना गरिएको स्वास्थ्य सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरिने छ ।

४१. मानसिक रोग तथा मनोसामाजिक परामर्श कार्यक्रम विभिन्न गैर सरकारी संस्थाहरु संगको सहकार्यमा संचालन गरिनछ ।

४२. महिला स्वस्थ्य स्वंयसेविकाहरुको सेवालाई प्रभावकारी बनाउँन यातायता खर्चको लागि प्रति महिना रु ५००।०० का दरले रकम उपलब्ध गराइएकोमा थप रु ५००।०० बृद्धि गरि रु १०००।०० गराएको छु ।

४३. धुलिखेल नगरपालिकामा रेविज विरुद्धको भ्याक्सिन उपलब्ध गराउँन धुलिखेल प्राथमिक केन्दमा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड बमोजिमको फ्रिजको व्यवस्था गरिने छ ।

४४. आगामी आ.व. मा राजस्व संकलन को लागि Full Phase E-payment सिस्टम संचालन गरिने छ यस बाट नगरबासीलाई राजस्व बुझाउने कार्यमा सहजता हुने छ ।

४५. स्वास्यको लागि ब्यायामा जोड दिदै पार्कहरुमा खुल्ला ब्यायाम साला फिटनेश पार्क निमार्ण कार्यलाई निरन्तरता दिईने छ ।

४६. चालु आब मा सुरु गरिएको Free WIFI लाई यस बर्ष निरन्तरता दिंदै यसै वर्ष थप १० पर्यटकीय तथा साँस्कृतीक स्थानहरुमा जडान गरिने छ ।

४७. राजस्व संकलन गर्ने लगायत सहज सूचना प्रवाहको लागि यसै वर्ष ५ वटा वडामा आफ्नै Optical Fiber जडान गरी नगरपालिका केन्द्रसँग सोझै जोडिने छ । यसबाट वडाहरुबाटै राजश्व संकलन, CC camera Servelance, ई हाजिरी व्यवस्थापन लगायतका कार्यमा सहजीकरण हुनेछ ।

४८. सूचना प्रबाह लाई अझै चुस्त बनाउन Digital Display बोर्ड को व्यवस्था गरिने छ ।

४९. नगरपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँन र कागजरहित तथा अनलाईन सेवाको प्रवर्द्धन गर्न यस क्षेत्रमा प्रयोग भईरहेका सफ्टवेयर तथा मोवाईल एप्लिकेशनहरुको प्रयोग गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५०. नगरका सवै वडाहरुलाई समेटी संवेदनशील क्षेत्रको सुरक्षाको लागि जिल्ला प्रहरी कार्यालय, बैकिङ्ग क्षेत्र, पर्यटन व्यवसायी र संघसंस्थाहरु संग सहकार्यमा CC Camera जडान गरी नागरिक सुरक्षा प्रणालीलाई व्यवस्थित गरिनेछ । संचार तथा सूचना प्रविधिको व्यवस्थापनका लागि रु २० लाख बजेटको व्यवस्था गरेको छु ।

५१. सामाजिक सुरक्षा भत्ता तथा ब्यक्तिगत घटना दर्ता कम्प्यूटरकृत तथा अन लाईन प्रणालीवाट शुरुवात गरिएकोमा सो को निरन्तरता दिईने छ । सामाजिक सुरक्षाका लागि ८ करोड ५० लाख बजेटको व्यवस्थापन गरिएको छ । साथै पाँच बर्ष मुनिका दलित बालवालवालिका लागि सेभ द चिल्ड्रेनको आर्थिक तथा प्रविधिक सहयोगमा parenting program आगामि आ.व. वाट Action Research को रुपमा संचालन गरिने छ ।

५२. संघीय सरकारको स्मार्ट सिटी परियोजना अर्न्तगत धुलिखेल क्षेत्र समेत समेटी नमोबुद्ध नगरकोट पर्यटकिय पदमार्ग, पुण्यपाता कोरिडोर पूर्वाधार निर्माण गरिने छ ।

५३. काभ्रे उपत्यका एकिकृत फोहोरमैला ब्यवस्थापनकार्य लागि आगामी वर्ष विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य प्रारम्भ गर्न २५ करोड रकम विनियोजन भएको जानकारी गराउन चाहन्छु ।

५४. विभिन्न वर्गहरुको भाषा संरक्षण, संस्कृति कला र साहित्यको जगेर्ना, जात्रापर्व ब्यवस्थापन आदिका लागि आवश्यक बजेट बिनियोजन गरेको छु । यसबाट परम्परागत जात्राहरुको निरन्तरतामा सहयोग पुग्नेछ । साथै नगरक्षेत्रका सबै जातिगत समुहको पहिचान, भेषभूषा, रहनसहनसरक्षण गर्न "**एक वडा एक साँस्कृतिक समूह"** निर्माण गर्ने कार्यक्रम प्रस्ताव गरेको छु ।

५५. धुलिखेल एउटा ऐतिहासिक तथा साँस्कृतिक शहर हो । हाम्रा संस्कृतिहरु मूर्त मात्रै छैनन् अमूर्त पनि छन् । विभिन्न जात जाति, जनजाति तथा भाषा भाषीका आफ्नै मौलिक सास्कृतिक धरोहरहरु छन् । यिनिहरुको संरक्षण, विकास तथा प्रवर्धन गर्नु हामी सवैको साझा कर्तब्य हो । समग्र संकृति संरक्षण तथा जात्रा पर्व ब्यवस्थापन कार्यका लागि रु १० लाख प्रस्ताव गरेको छु ।

५६. धुलिखेलको पुरानो बजार क्षेत्र, श्रीखण्डपुर, ईट्टे जस्ता परम्परागत नेवारी वस्ती लगायत तामाङ, मगर दलित लगायतका सघन जातीय वस्तीहरुलाई सँस्कृति प्रवर्द्धन, उद्यम व्यवस्थापन तथा पर्यटन प्रवर्द्धन लगायतका क्षेत्रहरु एकीकृत रुपमा विकास गर्न विशेष क्षेत्र घोषणा गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

५७. नगरपालिकाको प्रशासनिक भवन लगायत वडा कार्यालय भवन वातावरणमैत्री, अपाङ्गमैत्री बनाई संस्थागत संरचना तथा क्षमता विकास गरी सेवाग्राहीमैत्री बनाउने नीति लिईने छ । यसका लागि जिल्ला समन्वय समितिवाट प्राप्त हुने बजेटका साथै नगरपालिकाले व्यहोर्नुपर्ने बजेटको ब्यवस्थापन गरेको छु ।

५८. नगरपालिकाको प्रशासनिक व्यवस्थापनलाई सुधार गरी छरितो र प्रभावकारी गरी सेवा प्रवाह सरल, सहज र नागरिकमैत्री बनाउन नगरपालिकाको साविक प्रशासनिक संरचनालाई पुनरावलोकन गरी महाशाखागत अवधारणामा रुपान्तरण गरिनेछ । संघीय संरचनाको व्यवस्था अनुरुप नगरपालिकाको विस्तारित कार्यक्षेत्र व्यवस्थापन गर्न आवश्यक पर्ने संगठनात्मक संरचना, दरवन्दी व्यवस्थापनका लागि यसै बर्षभित्र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्पन्न गरिनेछ ।

५९. परिवर्तित सन्दर्भ अनुरुप सेवा प्रवाहमा प्रभावकारिता ल्याउन निर्वाचित जनप्रतिनिधिहरु तथा नगरकार्यपालिकाको कार्यालय वडा कार्यालयमा कार्यरत कर्मचारीको लागि क्षमता विकासका तालिम सञ्चालन गरिनेछ ।

६०. कार्यालयमा रहेका पुराना सवारी साधनहरुको मर्मत सम्भार खर्च अत्यधिक हुने गरेकाले यस्ता सवारी साधन लिलाम विक्रि वा अन्य निकायलाई हस्तान्तरणको प्रकृयामा लगिने छ ।

६१. सार्वजनिक निजी साझेदारी अवधारणालाई नगरको पूर्वाधार निर्माण कार्य तथा अन्य विकास कार्यमा अवलम्बन गर्ने कार्य गरिने छ ।

६२. हाम्रै कार्यकालभित्र धुलिखेल नगरपालिकालाई **"सुकुम्वासी मुक्त नगर"** घोषणा गर्ने लक्ष अनूरुप विगतको वजेट निरन्तरता समेत रु ६० लाख वजेट विनियोजन गरिएको छ । यसबाट भुकम्प पिडीत लाभग्राहीमा कायम नभएका भुमिहिनहरुलाई निजहरुको अनुकूलको स्थानमा जग्गा खरिद गरी पूर्जा सहित पेश गरेमा जग्गा खरिद वापत नगरपालिकाको तर्फबाट रु २ लाख प्रति परिवार अनुदान उपलब्ध गराईने छ । स्वयं जग्गा व्यवस्था गर्न नसक्नेहरुको हकमा नगरपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा जग्गा खरिद गरी सहुलियत दरमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

६३. नगरपालिकामा हस्तान्तरण भई आएका सहकारीहरुको संस्थागत तथा मानवीय क्षमता विकासका कार्यहरुलाई निरन्तरता दिनुका साथै सहकारीहरु मार्फत गरिवी न्यूनिकरणलाई विशेष जोड दईने छ । सहकारीसँगको सहकार्यमा सहकारी बजार प्रवर्द्धनमा जोड दिईनेछ । सहकारी क्षेत्रको रोजगारीलाई मध्यनजर गरी नगरपालिकाका कम्तिमा २५ जना वेरोजगार युवाहरुलाई सहकारी व्यवस्थापन तालिम उपलब्ध गराईने छ । सहकारी क्षेत्रको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६४. वेरोजगारीको समस्यालाई अन्त्य गर्नका लागि आगामि आ.व.२०७६।७७ मा युवा वेरोजगारहरुलाई मध्यनजर गरी विभिन्न सिपमुलक तथा आयआर्जनकार्यलाई प्राथमिकता दिईने छ । आगामि आ.व. मा करिव ७ सय जना युवा, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गवर्गहरुलाई विभिन्न खालका तालिमहरु प्रदान गरिने छ । तालिमको अलावा आवश्यक प्रविधि हस्तान्तरण गरी तथा विना धितो निर्ब्याजी ऋण उपलब्ध गराउन बीउपूँजि रकम घुम्ति कोषको रुपमा परिचालन गरिने छ ।

६५. होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभुष तथा सस्कृती झल्कने कार्यक्रम संचालनमा जोड दिदै ऐतिहासिक र पुरातात्वीक मठ मन्दिरको मर्मत तथा संरक्षमा जोड दिईने छ ।

६६. नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका शीपमूलक, आयमूलक तथा क्षमता विकासका तालिम कार्यक्रमहरु सञ्चालन गर्न नगरपालिका मातहतमा रहने गरी प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र स्थापना गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

६७. नगरका बेरोजगारहरुको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन गर्दै नगर तथ्याङ्क केन्द्र स्थापनाका अलवा स्वरोजगार तथा सीपमूलक कार्यक्रम कार्यान्वयनमा जोड दिइ प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकरिताका साथ संचालन गरिने छ ।

६८. उप-मेयर संग महिला कार्यक्रम अर्न्तगत सम्वृद्धि र विकास निर्माणको आधार सम्पूर्ण क्षेत्रमा महिलालाई समान ब्यवहारको नारालाई आत्म साथ गर्दे नगर क्षेत्र भित्र महिला सशक्तिकरण र उद्यमशिलता विकासका लागि **"उप-प्रमुख संग महिला कार्यक्रम"** संचालन गरिने छ । साथै नगरका श्रृजनशील, उद्यमी तथा सामाजिक क्षेत्रमा कार्य गरिहेका महिलाहरुको सकृयता बढाईने छ ।

६९. लैङ्गिक समान्ता तथा हिंसामा परेका महिलाको सहायताको लागि कानूनि परामर्श तथा सहायता कक्षको व्यवस्था गरिने छ ।

७०. उद्यम व्यवस्थापन मार्फत समग्र रोजगारी व्यवस्थापन गर्न मेयर गरिवी निवारण कोष, प्रधानमन्त्री रोजगार कार्यक्रमका अतिरिक्त यस क्षेत्रमा थप आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

७१. नगरक्षेत्रको विद्यमान वन संरक्षण र प्रवर्द्धन गरी खुला तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण कार्यक्रमलाई प्राथमिकता दिई नगरपालिकाको हरियाली क्षेत्रको विस्तारमा जोड दिईनेछ। यसका लागि वन क्षेत्रमा रु ५ लाख वजेट व्यवस्था गरिएको छ।

७२. हरेक वडामा न्यूनतम **"एक खेलमैदान, एक पोखरी, एक नर्सरी र एक बाल उद्यानको"** अवधारणालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिईने छ।

७३. एकीकृत नगर विकास योजना अर्न्तगत भूमिको उपयोगलाई व्यवस्थित गरी अव्यवस्थित वसोवास, कृषियोग्य भूमि तथा वनक्षेत्रभित्र हुने वस्ती विस्तारलाई निरुत्साहन गरी भू उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ।

७४. धुलिखेल नगरपालिका सुन्दर पर्यटकीय नगरको रुपमा विकास गर्नका लागि पर्यटन सगं सम्बन्धित पूर्वाधारहरुको निर्माणलाई जोड दिईने छ। देविथान पार्क, टुडिखेल पार्क लगायतका पर्यटकीय क्षेत्र विस्तृत परियोजना प्रतिवेदन बमोजिम सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाएको छु।

७५. आपाङ्गवर्गलाई ध्यान दिई नगरमा ३ कि.मि.को अपाङ्गमैत्री पर्यटकीय पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिँदै Accisiable tourism व्यवस्थापन कार्यमा धुलिखेल नगरपालिका पहिलो रहेको तथ्य सगौरव प्रस्तुत गर्दै उक्त कार्य प्रवर्द्धनलाई निरन्तरता दिईने छ।

७६. चालू आर्थिक बर्षमा थालनी गरिएका विभिन्न शालिक तथा नगर स्तम्भ निर्माणको अधुरो कामलाई आगमी आ.व.मा निरन्तरता दिईने छ। राष्ट्र निर्माता पृथ्वीनारायण शाह, राष्ट्रिय विभूति बलभद्र कुंवरको शालिक, साहित्यकार गुरु प्रसाद मैनाली र स्व. राजन कोईरालाको सालिक आगामी आ.व.मा पार्क सहित निर्माण सम्पन्न गरिने छ।

७७. फोहरमैला व्यवस्थापनमा प्रभावकारीता अभिवृद्धि गरिने छ। यसका लागि नगरपालिकाबाट खरिद गरिएको जग्गा सम्म फोहोर ढुवानीको सहजताको लागि पहुँचमार्गको स्तारोन्नति गरिनेछ।

७८. वातावरण र जलवायूमा आएको नकारात्मक प्रभावलाई न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नका लागि रु ५ लाख बजेटको विनियोजन गर्नुका साथै नगरलाई बातावरणमैत्री शहरको रुपमा विकास गरिने छ।

७९. नगरलाई Healthy city को रुपमा विकास गर्दै धुँवारहित चूल्हो तथा बायोग्यास प्लान्ट निर्माणमा बिशेष जोड दिईने छ।

८०. खुल्ला दिसामुक्त नगरपालिका घोषणा भैसकेको सन्र्दभमा पुर्णसरसफाई तर्फ उन्मुख कार्यकमहरुमा विशेष जोड दिईने छ।

८१. नगरको फोहोरमैला व्यवस्था गर्न पुराना सघन शहरी क्षेत्रबाट फोहोरमैला संकलन कार्यको लागि आवश्यक पिकअप भ्यान खरीद गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

८२. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र मार्फत निजीक्षेत्रको साभ्फेदारीमा निर्माण हुन लागेको फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्यलाई तीव्रता दिईनेछ।

८३. अरनिको तथा विपी राजमार्ग भएर प्रवेश गर्ने निजी तथा सार्वजनिक सवारी साधनहरुवाट निष्कासन हुने फोहोरका कारण नगरपालिकाभित्रको राजमार्गक्षेत्र प्रदुषित बन्दै गएकोले त्यस्ता सवारी साधनभित्रै डस्टविन राखी फोहोर संकलन गर्ने र नगरपालिकाले तोकेको स्थानमा विसर्जनको व्यवस्था मिलाईने छ। यसको नियमित अनुगमन तथा छड्के जाँचको व्यवस्था मिलाई उलङ्घन गरेमा तत्काल दण्ड जरिवाना गर्ने व्यवस्था मिलाईने छ।

८४. नगरपालिकावाट शुरु गरिएको ५२ हप्ते सरसफाई अभियानलाई निरन्तरता दिईने छ । सरसफाईको अभियानलाई जनचेतनामूलक अभियानको रुपमा समेत संञ्चालन गरिने छ । सरसरफाई अभियानमा टोल विकास सँस्थाहरुको नेतृत्व स्थापना गरिनेछ । ५२ हप्ते सरसफाई अभियानलाई हाल सम्म सहयोग गर्ने नेपाली सेना, नेपाल प्रहरी, जनप्रतिनिधिहर, कर्मचारीहरु तथा सम्पुर्ण नागरिकहरमा धन्यवाद समेत ज्ञापन गर्दछु ।

८५. फोहोरमैला व्यवस्थापन तथा सरसफाईका लागि रु ४० लाख रकम विनियोजन गरेको छु ।

८६. सामुदायिक विद्यालयहरुमा पूर्ण सरसफाई अभियान संचालन गरिनुका साथै नमूना कार्यक्रमको रुपमा स्मार्ट कक्षाको निर्माण गरि संचालन गरिने छ ।

८७. आवास सुरक्षा सहुलिय साझेदारी कार्यक्रम अति गरिव घरपरिवारलाई समेटी संचालन गरिने छ ।

८८. सडक सुरक्षा साझेदारी कार्यक्रम ट्राफिक प्रहरीसगको साझेदारीमा संचालन गरिने छ ।

८९. स्वास्थ, सुरक्षित मासु पसल संचालन साझेदारी रुपमा संचालन गरिने छ ।

९०. विलगेट्स एण्ड मेलिण्डा फाउण्डेशनको सहयोग तथा नगरपालिका सघ संगको सहकार्यमा संचालन भईरहेको दिसाजन्य लेदो व्यवस्थापन कार्यक्रमलाई नियमिता दिईने छ ।

९१. प्रदेश सरकारसँगको साझेदारीमा चालु आ. व. मा शुरु गरिएको नगरपालिका वडा नं ६ को भैरवस्थानमा काठको ट्रिटमेन्ट प्लान्ट स्थापना गर्ने कार्य आगमी आर्थिक वर्षमा सम्पन्न हुनेछ । सो को लागि रु ४ करोड वजेट व्यवस्था भएको जानकारी गराउन चाहन्छु ।

९२. यस धुलिखेल नगरपालिकाको वडा नं. ४ मा रहेको विगत लामो समयदेखि सम्पन्न हुन नसकेको धुलिखेल जग्गा विकास आयोजना (Landpooling) लाई आगामी आ.व.मा सम्पन्न गर्ने गरी कार्य अँघि बढाईने छ ।

९३. नगरपालिकाले पार्किङ शुल्क सहितको बसपार्क व्यवस्थापन, मालपोत क्षेत्र तथा धुलिखेल अस्पताल क्षेत्रमा सामुदायिक संस्थाहरुको साझेदारीमा बन्दोबस्त मिलाईएको पार्किङ व्यवस्थापनलाई निरन्तरता दिईनेछ । हंकपुंखुको मर्मत संभार र संचालनका लागि सार्वजनिक सामुदायिक साझेदारीको आधारमा निर्माण कार्य अघि बढाईने छ ।

९४. टुडिखेलको पार्क सञ्चालन र व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीमा काम गर्न इच्छुक संस्थाको खोजी गरिने छ । उक्त क्षेत्रमा आधारभूत पूर्वाधार विकासका लागि चालु आ.व. मा शुरु भएको कार्यलाई आगामी आ.व. मा समेत निरन्तरता दिईनेछ ।

९५. समावेशी विकासका माध्यमद्धारा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका जनजाति, दलित, महिला युवा र अपाङ्ग लगायतका समूदायको विकासका लागि समुदायस्तर सम्म विस्तार भएका क्षमता विकास तथा प्रवर्धनात्मक कार्यक्रम व्यवस्था गरी क्षमता विकास र गरिवी निवारणका कार्य स्थायी रुपमा व्यवस्थापन गर्न "**मेयर गरिवी निवारण**" कोषमा रु १ करोड विनियोजन गरेको छु । नगरपालिकाले हालै गठन गरेका ५ वटा परिषदहरु मार्फत गरिवी निवारणका लक्षित कार्यक्रम तथा स्वरोजगार मूलक कार्यक्रमहरु उक्त वजेटबाट कार्यान्वयन गरीने छ । नगरस्तरीय विभिन्न ५ वटा परिषद्हरुबाट नीति निर्धारण, सुझाव आदिको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरि कार्यक्रमहरु संचालन गरिने छ ।

९६. **"छुवाछुत सामाजिक अपराध हो"** यस बारेमा समुदयस्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रमहरुलाई दलित परिषदसंग सहकार्य गरि संचालन गरिने छ ।

९७. अपाङ्गवर्गका लागि विभिन्न सिपमूलक तथा आयअर्जनका कार्यक्रमहरु मार्फत सशक्त गर्नुका साथै सामग्रिहरु समेत वितरण गरिने छ ।

९८. प्रदेश सरकारको सहयोगमा तत्काल दमकल खरिद गरी नगर क्षेत्र हुन सक्ने आगलागीलाई नियन्त्रण गरी क्षति न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

९९. धुलिखेलको ऐतिहासिक सम्पदाको रुपमा रहेको बाह्रौं शदाब्दीमा निर्मित उमामहेश्वरको मन्दिर निर्माण गरिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्थापन गरी स्थानीय समुदाय संग साझेदारी गरिने छ ।

१००. नगरपालिकालाई योजनावद्ध विकासमा अगाडि बढाउन Australian Volunteer को सेवा प्राप्त भईरहेको छ । Urban Planner को रुपमा आउने स्वयंसेवकबाट धुलिखेल तथा काभ्रे भ्यालीकै समग्र विकासमा योजना तर्जुमा कार्यमा उल्लेख्य सहयोग प्राप्त भएकोले उक्त कार्यको निरन्तरताको व्यवस्था मिलाईने छ । यसका अतिरिक्त वातावरण, दीगो विकास र फोहरमैला ब्यवस्थापनको क्षेत्रमा सहयोग पुऱ्याउन कोरियाली अन्तराष्ट्रिय सहयोग नियोग मार्फत Volunteer माग गरी परिचालन गरिने छ ।

१०१. संगठनको मेरुदण्ड भनेका कर्मचारीहरु हुन् । संगठनलाई सफलतामा लैजाने अस्त्र भनेको कर्मचारीको उत्प्रेरणा र मनोवलले नै हो । नेपाल सरकार, अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता र प्रवाभकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ वमोजिम स्थानीय स्तरका भत्ताहरु कटौती गर्नु पर्ने आसयको व्यवस्था गरिएको, नगरपालिकामा विभिन्न सेवा शर्तमा कर्मचारीहरु कार्यरत रहेको र यस्तो भत्ता कसैले पाउने तथा कसैले नपाउने गरेको देखिएको सन्दर्भमा स्थानीय भत्तालाई घटाई समायोजन गरिएकोछ । यसको साथै नगरपालिका, वडा कार्यालय, समितिहरुका बैठक लगायतको भत्ता प्रदेश कानुन वमोजिम समायोजन गरिएको र कार्यालयको नियमित खर्चहरुको तथा पदाधिकारीहरुको ईन्धन खर्चको मापदण्ड कायम गरिएकोछ । संचार खर्च पाउने पदाधिकारीको उक्त खर्च पारिश्रमिक सँगै भुक्तानी गर्ने प्रवन्ध गरिनेछ ।

१०२. श्रमको सम्मान तथा समाजिक सुरक्षालाई ध्यानमा राखेर कम्तिमा एक बर्ष सोव गरेका कर्मचारीहरुको नियमानूसारको सुविधा,विमा तथा संचय कोष लागयतका सुविधाहरु उपलब्ध गराईने छ ।

१०३. नगरपालिका परीवारको रुपमा नगरपालिका वा मातहतमा कार्यरत सवै कर्मचारीहरुलाई कार्यक्षेत्र तथा पदीय स्वरुप समेत समेटी निजहरुले सम्पादन गरेको कामको अवस्था, सेवाग्राहीसँगको सम्वन्ध समेतको आधारमा मूल्याङ्कन गरी पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईने छ । यसवाट कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक लागयतका राष्ट्रसेवकहरुको मनोवल र उत्प्रेणा बढ्ने कुरामा म आशावादी छु ।

१०४. नगरपालिकाबाट सेवाप्राप्तिको समयमा सेवाग्राही ढिलासुस्ती र हैरानी भएको भन्ने सेवाग्राहीको गुनासोलाई सम्बोधन गर्न वडाबाट गरिने घरबाटोको सिफारिश तथा न.पा.बाट गरिने नक्शाको स्थालगत नाप जाँचको लागि तेश्रो पक्षेको सहभागिता (Outsoursing) गर्ने कार्य परीक्षणको रुपमा आरम्भ गरिने छ ।

१०५. पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारक्षेत्र सम्बद्ध निकायहरुसँग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ । यसको लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

१०६. उपभोक्ता हित संरक्षण सम्बन्धी नागरिक अगुवाहरु समेतको सहभागितामा संघीय तथ प्रादेशिक कार्यालयहरुको समन्वयमा उपभोक्ता शिक्षा, सूचना र बजार अनुगमनको व्यवस्था प्रारम्भ गरिनेछ । सबै पसलहरूमा मूल्यसूची राख्न अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गरिने छ ।

**१०७.** नागरिकहरुलाई सर्वसुलभ रुपमा न्याय दिने परिकल्पना सहित गठन भएको न्यायिक समितिलाई क्षमता विकास गर्दैउक्त समितिबाट प्रभावकारी रुपमा न्याय सम्पादन हुने गरी आवश्यक बन्दोबस्त गरिने छ । न्यायिक समितिको कार्यमा सघाउने सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छन् ।

**१०८.** न्यायिक समितिमा भूमि सम्वन्धी विवादहरु अत्यधिक रुपमा पर्ने गरेको तथ्यलाई मध्यनजर गरी न्यायिक समिति अन्तर्गत समेत काम गर्ने गरी प्राविधिक कर्मचारीको व्यवस्था गरिनेछ । म्याद तामेली कार्यमा खटिने जनशक्तिलाई उत्प्रेरित गर्न प्रति तामेली रु १००।० प्रोत्साहन स्वरुप उपलव्ध गराउने व्यवस्था गरेको छ ।

**१०९.** नगरपालिकावाट प्रवाह गरिने सेवा प्रवाहलाई सरल र सहजताका लागि नेपालको संविधान र यस मातहतका कानूनको मातहतमा रहि २८ वटा ऐन, नियम र कार्यविधिहरु हाल सम्म तयार गरिएकोमा आगामि दिनमा अन्य आवश्यक कानूनहरु तर्जुमा तथा स्वीकृति गरिदै लगिने छ ।

**११०.** नागरीकस्तरवाट आफ्नो पेशा, ब्यवसाय कला साधना र सहित्य सृजना मार्फत धुलिखेललाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा चिनाउने हाम्रा मेहनती र आदरणीय नागरिकहरुलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा संम्झने, सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

**१११.** कर संकलन, घर निर्माणको अनुगमन, फोहर व्यवस्थापनको निगरानी तथा मापदण्ड पालनामा खटिने नगर प्रहरीको क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था मिलाएको छु । दमकलमा थप दक्ष कर्मचारी व्यवस्थापन गरी दमकल सेवालाई प्रभावकारी र भरपर्दो बनाईने छ ।

**११२.** हामी संघियता कार्यान्वयनको क्रममा छौ । साविकमा नेपाल सरकारले लिएका वहाल कर अब स्थानीय तहबाट मात्रै परिचालन हुनेछ भने सम्पत्ति कर व्यवसाय करको संकलन तथा परिचालनको प्रक्रिया र पद्दतिमा व्यापक हेर फेर भएकोछ । नागरिकहरुको लागि यो पुरानै कर जस्तो देखिए पनि नगरपालिकाको लागि यो विल्कुल नयाँ कर प्रणाली जस्तै हो । राजस्व सम्भाव्यताको आधारमा हामीले पाउने केन्द्रीय सिलिङ तयार हुने भएकोले नगरपालिका क्षेत्रमा कर परिचालनमा थप गृहकार्य गर्ने दवाव हामी संग छ । हामीले विज्ञहरु समेतको परामर्शमा, नेपाल सरकार अर्थ मन्त्रालयले दिएको नमुना कानुन वमोजिम आर्थिक ऐन जारी गरिएकोले कतिपयमा नयाँ कर लगाएको, कर बढाएको, अन्य निकाय भन्दा अग्रसर भै कर प्रशासनमा कडाई गरेको प्रतिक्रिया आउन सक्ने तर्फ म सचेत छु । कर निर्धारणमा तिर्न सक्ने क्षमताको सिद्वान्तलाई आत्मसात गरिएको व्यहोरा अनुरोध गर्दै, नगरपालिकाले निर्धारण गरेको कर कार्यान्वयन गर्न सबै सरोकारवालाहरुको रचनात्मक सहयोगको अपेक्षा लिएको छु ।

**११३.** खासगरी वहाल करलाई न्यूनतम वहाल अंक तोकी कोठा वहालमा दिनेले कर तिर्नु पर्ने गरी निर्धारण गरिएको छ भने व्यवसाय करलाई दर्ता तथा नवीकरण शुल्क तथा पूंजी लगानी र बार्षिक कारोवारलाई आधार मानी कर निर्धारण गर्ने पद्दति अपनाईएको छ । सम्पत्ति करको हकमा सम्पत्तीको मुल्यांकन परिपाटीमा व्यापक हेरफेर गरी करको दरलाई बस्तुफरक बनाईएको छ । समग्रमा सम्पत्ति कर साविकको तुलनामा २० देखी ४० प्रतिशत भन्दा ज्यादा नबढ्ने गरी निर्धारणको प्रयास गरिएको छ र सम्पत्ती करमा गरिएको परिवर्तित व्यवस्थाले गर्दा आय स्रोत तथा सम्पत्ति प्रमाणित गर्दा र कर निर्धारण गर्दा हुने दोहोरो मापदण्डको अन्त्य हुने विश्वास लिएको छु ।

**११४.** समग्रमा भन्नु पर्दा आगामी आ.व.कर निर्धारणको हिसावले आधार वर्षको रुपमा रहने छ । तत् पश्चातका आर्थिक बर्षहरुमा यसैको आधारमा कर प्रणाली पुनरावलोकन गरिने छ । कार्यालयमा रहेको कर प्रणालीको तथा कर प्रशासनमा संलग्न कर्मचारीहरुको क्षमता विकास गर्ने नीति समेत लिईएको छ । राजस्व चुहावट नियन्त्रणमा नगरपालिकाले शून्य सहनशिलताको नीति निर्धारण गरेको छ ।

११५. योजना तर्जुमाको क्रममा ठुलो पुँजी लगानी आवश्यक नपर्ने, सामाजिक अभिमानको रुपमा समेट्न सकिने खालका, तथा समुदाय, गैसस, टोल विक संस्था तथा नागरिक स्तरका समूह संजालहरुबाट कार्यान्वयन गर्न सकिने कार्यहरुलाई समेत समेटिएकोछ ।

११६. चालू आ.व.मा नगर यातायात गुरु योजनाको निर्माण भएको छ । यो प्रतिवेदन स्वीकृतिको चरणमा रहेको छ । आगामी आ.व.मा भू-उपयोग योजनाको तर्जुमा हुनेछ । यस्तै अरु क्षेत्रगत योजनाहरु पनि बन्नेछन । धुलिखेललाई सुदुर भविष्य सम्म डोर्याउन यी योजनाले वलियो जगको काम गर्ने छन् ।

११७. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरुको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । नपा क्षेत्रमा रहेको सार्वजनिक जग्गाहरु नपाको स्वामित्वमा ल्याउनको लागि सबैको सहयोग प्राप्त हुने अपेक्षा लिइएको छ ।

११८. संघीय सरकारको लगानी बोर्ड मार्फत रु ४७ अर्व ३० करोडको डलरको लागतमा धुलिखेल ड्रीमलाण्ड परियोजना, ८१ अर्ब ४० करोडको लागतमा धुलिखेल मेडिसिटि अस्पताल र रु ४ अर्व ७३ करोडको लागतमा धुलिखेल फोहर मैला ब्यबस्थापन (पनौती, बनेपा, पाँचखाल, नमोबुद्ध नगरपालिका सहित) निर्माण कार्यको लागि नगरपालिकाको तर्फबाट अधिकतम प्रयत्न गरिनेछ ।

११९. प्रदेश सरकारको सहयोगमा धुलिखेल नगरपालिकाको वडा नं ९,१०, ११ र १२ को संगम स्थल फस्कोट डाँडामा औद्योगिक ग्रामको निर्माण कार्यलाई अगामी आ.व.मा अघि बढाईने छ ।

१२०. संघीय सरकारको सहयोगमा धुलिखेल ,बनेपा र पनौती नगरपालिका तथा वेथानचोक गाउँपालिकाको केहि भाग समेट मिलाई काभ्रे उपत्यका रणनीतिक शहरी पूर्वाधार विकास परियोजना विस्तृत परियोजना प्रतिवेदन तयारी तथा संचालनका लागि रु ३० करोड बजेट विनियोजन गरिएको छ ।

१२१. धुलिखेल क्षेत्रमा पानीको दिगो उपयोग श्रोतको पहिचान र प्रथमिकिकरण विषयमा साथै पहिचान गरीएको खानेपानी आयोजनाको स्रोत व्यवस्थापनसमेत गर्ने प्रयोजनका लागि क्यगतज(Asian Institute of Advance Studies (SIAS) सँगको साझेदारीमा पानीका दिगो ब्यवस्थापनका लागि पानी चौतारी, पोखरी निर्माण, पानीको श्रोत संरक्षण लागयतका कार्यकमहरु संचालन कार्यलाई निरन्तरता दिईने छ । साथै WWF र KU संगको सहकार्यमा रोशी जालाधार संरक्षण र झिकु खोला जालाधार क्षेत्रको अध्ययन गरि कार्य प्रारम्भ गरिने छ ।

१२२. धुलिखेलको पुरानो बजार, श्रीखण्डपुर र ईटेको मुख्य क्षेत्र भित्र घर अगाडिको मोहडा पुरानो तथा पुरातात्विक शैली झल्कने गरी निर्माण कार्य गर्ने गरि नक्शा पास गर्ने प्रकृयालाई निरन्तरता दिईनेछ । यसरी निर्माण गरिने घरको नश्शापासमा ५० प्रतिशत राजश्व छुट दिईने छ साथै पुरानो घर अनुसारको डिजाईनमा सम्बन्धित घरधनिले घर निर्माण गरेमा नक्शाको डिजाईन तथा पास निशुल्क गरिने छ । लिइनेछ । घर नक्सा स्वीकृत कम्प्युटर प्रणाली मार्फत गरिने छ ।

१२३. बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड बमोजिम प्लटिङ्गलाई ब्यबस्थित गरिनेछ । प्लटिङ्ग गार्दा अनिवार्य रुपमा नगरपालिकावाट स्वीकृती लिनुपर्ने छ न.पा बाट स्वीकृति नलिई गरिएको प्लटिङ्गमा नक्सा पास नगर्ने नीति हामीले तर्जूमा गरिसकेको छौ । यस्ता प्लटिङ्गहरुलाई समयमा नै स्वीकृति लिन पनि एक महिना समय अबधि तोकी सूचना जारी गरिसकीएको छ । Land Use Plan नबने सम्म बस्ती बस्न अयोग्य क्षेत्रमा प्लटिङ्ग स्वीकृति दिइने छैन ।

१२४. धुलिखल नगरपालिका र उल्जिन काउन्टी, दक्षिण कोरिया बीच भगिनि सम्बन्ध स्थापना भई सकेको छ । यस सम्बन्ध पश्चात दुवै शहरहरुबीच मित्रवत सम्बन्ध स्थापित भई दुवै देशको

नियम कानुनमा आधारित रही पारस्पारिक लाभ तथा समानताको सिद्धान्तमा कृषि, व्यापार, पर्यटन, संस्कृति, शिक्षा, व्यक्तित्व विकास, व्यापार प्रवर्दन, पारस्परिक सम्बृद्धि लगायतका विविध क्षेत्रहरुमा सक्रिय तथा प्रभावकारी रुपमा सहयोग आदान प्रदान तथा सहकार्य अभिवृद्धि गर्दै दुवै तर्फको साझा सम्मृद्धि तथा विकास प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यसै अनुरुप नगरपालिकाले छिमेकी देश चीनको ईयू शहर सँग भगिनी सम्बन्ध स्थापना गर्ने प्रक्रियामा रहेको र सोको लागि आवश्यक अभ्यासहरु गरिदै उक्त शहर बीच छिट्टै नै भगिनी सम्बन्ध स्थापना हुने व्यहोरा समेत जानकारी गराउदछु ।

१२५. धुलिखेल नगरपालिकाको समग्र पर्यटनको प्रवर्द्धन तथा विकासका लागि सो क्षेत्रमा निरन्तर कार्य गर्ने सँस्था सँग सम्बन्ध विस्तार गर्ने नगरपालिकाको लक्ष्य रहेको छ । यसै अनुरुप अन्तराष्ट्रिय पर्यटनको विकासमा कार्य गर्ने अग्रणी अन्तराष्ट्रिय संस्था (TPO- Tourism Promotion Organization for Asia Pacific Cities) सँग सदस्यता लिने कार्य भएको छ । उक्त संस्था सँग पर्यटन प्रवर्द्धन तथा पर्यटन उद्योगको स्थापना तथा विकास गर्ने उदेश्यले विश्वका लगभग २०० भन्दा बढी शहरहरु आबद्ध भईसकेको सन्दर्भमा धुलिखेल पनि एक ऐतिहासिक, पुरातात्विक, प्राकृतिक सम्पदाले भरिपूर्ण भई पर्यटनको प्रचुर सम्भावनायुक्त नगर भएको कारणले उक्त संस्था सँग सदस्यता लिन पहल गरिएको हो । यक्त सँस्था सदस्यता पश्चात नगरपालिकाले आफ्नो पर्यटन प्रवर्द्धनमा अन्तराष्ट्रिय स्तरमा भएका पहलहरु सिक्न र बुझ्न मौका मिल्ने अपेक्षा लिईएको छ ।

१२६. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अन्तराष्ट्रिय स्तरको विषयगत तालिम प्रदान गरी सिप विकास गराउने उदेश्यले नगरपालिकाले विभिन्न अन्तराष्ट्रिय संघ संस्थाको सदस्यता लिने निति अगाडी बढाईएको छ । यसै क्रममा (WeGO-World E Government Organization) सँग सदस्यता लिईएको र उक्त संस्थाको आयोजनामा नगरपालिकामा कार्यरत विभिन्न शाखागत कर्मचारीहरुलाई विभिन्न सीप मूलम तथा क्षमता विकास तालिममा सहभागि गराईसकिएको छ । यसै क्रममा नगरपालिकाको शहरी विकास तथा सडकको स्तरिय व्यवस्थापनका गर्न सडक सम्बन्धी कार्य गर्ने अन्तराष्ट्रिय संस्था (IR) International Road Federation सँग सदस्यता लिने सम्बन्धमा आवश्यक पहल समेत भईरहेको छ ।

१२७. त्यस्तै नेपाल नगरपालिका संघको संयोजन तथा (UCLG ASPAC (United Cities and local Government Asia Pacific) को सहकार्य एबं वाताबरण तथा जनसंख्या संस्था (एन्फो) को प्राबिधिक सहकार्यमा नेपालका ५ वटा नगरपालिकामा संचालित (Municipalities Network Advocacy on Sanitation in South Asia) परियोजनाको कार्यन्वयन सन्दर्भमा नेपाल नगरपालिका संघ र धुलिखेल नगरपालिका बीच समझदारी पत्रमा (MOU) हस्ताक्षर समेत सम्पन्न गरिएको छ ।

१२८. **"एक घर एक धारा**"को अबधारणा अनुरुप UNICEF-ROSA,SIDA,खानेपानी बिभाग,युनिसेफ नेपाल,सिविक फोरम र धुलिखेल नगरपालिकाद्वारा नगरपालिका वडा नं १ देविटार को छागे खानेपानी आपूर्ति सुधार योजना सम्पन्न भई सञ्चालनमा आएको छ ।

१२९. Australian Volunteer Program सँग समन्वय गरी नगरपालिकाको शहरी विकास तथा कृषि आधुनिकीकरणलाई थप प्रवल बनाउने उदेश्यका साथ सो क्षेत्रका विषय विज्ञ Autralian Volunteer ल्याई कामकाज गराईएको ।

१३०. स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सर्वसुलभ बनाउन लगानी बोर्डको समन्वयमा निर्माण गरिने ५०० बेडको अस्पताल तथा मेडिसिटी अवधारणा अर्न्तगत यस नगरपालिका भित्र निर्माण गर्नका लागि आवश्यक सहयोग गरिनेछ ।

१३१. तोकिएको समयमा कर तिर्ने करदातालाई विशेष छुटको व्यवस्थालाई निरन्तरता दिईने छ ।

१३२. हरियाली प्रर्वद्धन तथा उत्पादनमा प्रोत्साहन दिनको लागि "एक विद्यालय १० फलफुल एक वडा एक पार्क कार्यक्रमको" निरन्तरताको साथै सडक छेउछाउको हरियाली प्रर्वद्धन गर्दै क्लिन धुलिखेल ग्रिन धुलिखेल अभियान संचालन गरिने छ ।

**आदरणीय सभासदज्यू तथा उपस्थित महानुभावहरु :**

अव म नगरपालिकाको रुपमा हामीले नेपाल सरकार तथा प्रदेश सरकारसंग राखेका केही अपेक्षाहरु तथा हाम्रा सीमाहरु राख्न चाहन्छु ।

१. यस नगरपालिकाको कालिदेवी मन्दीर परिसरमा निर्माण शुरु गरिएको पार्कको निर्मार्ण सम्पन्न गर्नका लागि नियमित बजेटको व्यवस्थाका लागि अनुरोध गर्दछु ।

२. नेपाल सरकारवाट प्रस्ताव गरिएको नागढुंगा देखि धुलिखेल सम्मको मेट्रो रेल निर्माणलाई यथासक्य छिटो शुरुवातको लागि पहल गरियोस् भनी माग गर्दछु । यस नगरपालिकाले यस आयोजनालाई पूर्ण रुपले सघाउने विश्वास दिलाउन चाहन्छु ।

३. नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालयवाट यस नगरपालिकाको ठुलीचौरमा एयरपोर्ट निर्माणको लागि प्रारम्भिक छलफलत तथा फिल्ड भ्रमणको लागि टोली आएको र उक्त क्षेत्रको अलावा पनि काभ्रेको अन्य २ वटा क्षेत्रको समेत अध्ययन भईरहेको सन्दर्भमा धुलिखेलको नगरको पयटकीय भविष्य तथा प्रकृतिक मनोरम हरियाली दृष्यलाई मध्यनजर गर्दै धुलिखेलावासी जनताको भावनालाई कदर गर्दै उक्त विमानस्थल धुलिखेल नगरपालिकाको ११ नं वडाको ठुलीचौरमा निर्माण गर्नका लागि अनुरोध गर्दछु ।

४. सुर्यविनायकदेखि धुलिखेलसम्म ६ लेनको सडक निर्माण कार्य अविलम्ब अगाडि बढाउन नेपाल सरकार संग अनुरोध गर्दछु ।

५. यस नगरपालिकाको वडा नं ३,७, ८, १० र १२ लाई लक्षित गरी बृहत् ढल निकास आयोजनाका लागि रु १ अर्व बारवरको विस्तृत परियोजन अध्ययन प्रतिवेदन तयार गरिसकिएकोमा उक्त कार्य अगाडि बढाउन आवश्यक पहलको लागि अनुरोध गर्दछु ।

६. नगरपालिका भित्रको सार्वजनिक जग्गा उपयोग तथा व्यवस्थापन गर्न नीतिगत असहजताका कारण स्वास्थ्य संस्था तथा वडा कार्यालय लगायतका सार्वजनिक भवन निर्माण कार्य प्रभावित भएकाले सार्वजनिक जग्गाको व्यवस्थापन तथा संरक्षण गर्ने अधिकार नगरपालिकालाई प्रदान गर्न अनुरोध गर्दछु

७. स्थानीय सरकार संचालन ऐन संग बाझिएका विद्यमान कानूनहरु अविलम्ब परिमार्जनको प्रकृया थालनी गर्न समेत अनुरोध गरिएको छ ।

८. अन्तररकारी वित्तीय व्यवस्थापन ऐनले रोयल्टीको बाँडफाँट गर्ने व्यवस्था गरेको तर विद्यमान कानूनमा विभिन्न क्षेत्रको रोयल्टीको दर निर्धारण नभैसकेको कारणले अविलम्ब उक्त कानुनहरु परिमार्जन गरी रोयल्टीको दर निर्धारण गर्न अनुरोध गर्दछु ।

९. धुलिखेल नगर भित्र कृषि उपजलाई व्यवस्थित गर्न आधुनिक स्तरको तरकारी संकलन तथा विकी केन्द्रको निर्माणको लागि नेपाल सरकार तथा प्रदेश सरकार संग अनुरोध गरिएकोछ ।

१०. धुलिखेल क्षेत्रमा मध्यम आकारको औद्योगिक ग्रामको आवश्यकता महसुस गरिएको छ । वातावरण प्रदुषण गर्ने उद्योगलाई निरुत्साहित गर्दै वातावरणमैत्री उद्योगहरु रहने गरी यस्ता औद्योगिक ग्रामको स्थापना गर्न माग गरिएको छ

११. धुलिखेल नगरपालिकाको उचित स्थानमा फिल्मसिटीको निर्माण संभावनाको खोजी भैरहेकोमा यस कार्यमा नगरपालिकाले सहयोग गर्ने प्रतिवद्धता सहित फिल्म सिटी निर्माणलाई प्राथमिकतामा राख्न माग गरिएको छ ।

**अन्त्यमा**

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा धुलिखेल नगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।
आज प्रस्तुत वजेट नगर सभाले स्वीकृत गर्नासाथ अविलम्ब यस धुलिखेल नगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दछु । योजना तर्जूमा आफैमा महत्वपूर्ण त हो नै तर यसको कार्यान्वयन हुन सकेन भने वाञ्चित प्रभाब छाड्न सक्दैन । अत : प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तहाको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।
यस बजेटको सफल कार्यान्वयनबाट धुलिखेल नगरपालिकाको समावेशी र सन्तुलित विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिइएको छ । प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु ।

वजेट नीति तथा कार्यक्रमहरुका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषय क्षेत्रगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरु, नगरपीलकाका कर्मचारीहरु, नगरसभाका सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एवम् पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो ।

नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुऱ्याउनु हुने राजनीतिक दलहरु, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी ब्यवसायी, बृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता सो को सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरु, नागरिक समाज, सरकारी एवम् गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एवम् आम नगरवासीको संयुक्त प्रयास आवश्यक हुन्छ । विगतमा झैं नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एवम् विश्वास लिएको छु । आगामी आर्थिक बर्षको लागि हामीले क्षेत्रगत रुपमा निर्धारण गरेका नीतिहरुको विस्तृत खाका यसै वजेट वक्तव्यको अनुसूचि १ मा समावेश गरिएको ब्यहोरा जानकारी गराउँछु ।

धन्यवाद ।

अशोक कुमार ब्यान्जु श्रेष्ठ

नगर प्रमुख

धुलिखेल नगरपालिका, धुलिखेल काभ्रे

मिति : २०७६ असार १० गते

## अनुसुचि : १

**आ.व. ०७६।०७७ को क्षेत्रगत नीति तथा रणनीतिहरु :**

आगामी आर्थिक बर्षको लागि लिईएका प्रमुख क्षेत्रगत नीति तथा कार्य देहाय बमोजिम हुनेछ:

**क. आर्थिक विकाससँग केन्द्रित नीति तथा कार्यक्रमहरु**

१. कृषिको दिगो विकासका लागि कृषि प्रधान वडाहरुमा एक वडा एक कृषि प्राविधिकहरुको व्यवस्थापन गरिने छ ।

२. ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषिजन्य वस्तुहरूको व्यावसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।

३. 'एक वडा एक विशेष उत्पादन'सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ

४. उद्यमीहरूका लागि तालिम प्रदान गरी उपयुक्त प्रविधि हस्तान्तरण गर्ने नीति लिईने छ ।

५. स्थानीय कच्चा पदार्थको प्रयोग हुने गरि लघुउद्यमको प्रर्वद्धन गरिने छ ।

६. अतिगरिव तथा गरिवहरुको जीवनस्तर सुधारका लागि विना धितो तथा विना ब्याज चक्रिय प्रणाली अनुरुप ऋणपूजि परिचालन गरि साना तथा लघु उद्यम संचालनमा जोड दिईने छ ।

७. नगर क्षेत्रमा गुणस्तरीय उत्पादन सामग्रीहरू र कृषिको यान्त्रिकीकरणका लागि कृषकमैत्री औजार,उन्नत प्रविधिको हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

८. कृषिमा आधारित उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिने छ ।

९. व्यवस्थित बगैंचा र गुणस्तर सुधारमा सहयोग गर्दै शंखु तथा शारदा बतासे क्षेत्रलाई सुन्तला पकेट क्षेत्र, रबिओपी, पात्लेखेत, काभ्रे क्षेत्रलाई दुध तथा तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्ने कार्यक्रमलाई आगामी आ.व.मा समेत नियमितता दिईएको छ । कृषिजन्य उत्पादनहरुको सुरक्षित भण्डारणका लागि चिस्यान केन्द्र निर्माणमा निजी क्षेत्र र सहकारीहरुलाई प्रेरित गरिनेछ ।

१०. नगरपालिकाका तल्लो भेग ठूलीटार, दारिम्बोट, बडालगाउँ, रबिओपी, देबीटार लगायतका स्थानलाई लिची, कफी, अनार लगायतका फलफुल पकेटक्षेत्रको रुपमा विकसित गरिनेछ । सम्भाव्य क्षेत्रहरुमा अर्गानिक तरकारी पकेट क्षेत्रको रुपमा अगाडि बढाइनेछ । अर्गानिक खेती गर्न चाहने कृषक समुह वा सहकारीहरुलाई आवश्यक सहयोग पुर्याईने नीतिलाई निरन्तरता दिईएको छ ।

११. कृषिमा आधारित उद्योगहरू तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ ।

१२. मल, बीउ, सिंचाई, प्रबिधि र कृषि उपजको बजारको लागि वजार पहूँच विस्तार गरिनेछ । कृषि प्राविधिकको सेवालाई  कृषकको सर्बसुलभ पहुँचका लागि वडास्तरमै पुर्याइनेछ ।

१३. नगरक्षेत्रभित्र उत्पादन हुने तरकारीहरुको सामुहिक बिक्री बितरणको लागि संकलन केन्द्रहरु, सामुहिक उद्यम तथा उत्पादन कार्य गर्न आवश्यक स्थानहरुमा साझा सुविधा केन्द्र, लघु साना तथा घरेलु उद्योगहरुवाट उत्पादित सामान विक्री वितरणको लागि बिक्री कक्ष तथा कोसेली घर स्थापना गरिनेछ ।

१४. धुलिखेललाई पर्यटकीय गन्तब्यको रुपमा स्वदेशी तथा विदेशी पर्यटकहरुको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ । धुलिखेलमापर्यटन विकासको थप मार्ग चित्र कोर्न तयार भएको गुरु योजना अनुसारको कार्यक्रमहरु संचालन गर्नका लागि नगरपालिका तथा नीजि क्षेत्रवाट संयुक्त रुपमा अगाडि बढ्ने नीति लिईने छ

१५. धुलिखेलको ठूलो वनक्षेत्रलाई कृत्रिम ताल, बोटानिकल पार्क सहितको मनोरञ्जन पार्क निर्माण गरी पर्यटन आकर्षण केन्द्रको रुपमा विकसित गर्न सम्भाव्यता अध्ययन गरिने छ । यसको लागि अन्तराष्ट्रिय सहयोगको आह्वान गरिनेछ । सार्वजनिक निजी साझेदारीमा कोही लगानीकर्ता लगानी गर्न इच्छुक भएमा आवश्यक सहजीकरण गरिनेछ ।

१६. नगरकोटबाट धुलिखेल हुँदै नमोबुद्धसम्म व्यवस्थित पर्यटकीय मार्ग निर्माण गरिनेछ । सो क्षेत्रमा आबश्यक शौचालय, बिश्रामस्थल, सूचनापाटी, पर्यटकीय नक्सा निर्माण गरिनेछ ।

१७. नगर क्षेत्रको उपयुक्त स्थानहरुमा पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ । हावापानी सुहाउँदो चिडियाखाना निर्माणको संभाब्यता अध्ययन गरिनेछ ।

१८. उद्योगी ब्यवसायीहरुका लागि लगानीमैत्री वातावरण सिर्जना गरिनेछ । ५० प्रतिशत लाई रोजगारी दिने उद्योग, ब्यवसायहरुलाई ५ बर्षसम्म स्थानीय करमा छुटको व्यवस्था गरिनेछ । त्यस्ता उद्योगका स्थापना र संचालनका लागि आबश्यक पर्ने सडक, पानी तथा बिजुलीको व्यवस्थापनमा सहजीकरण गरिनेछ । एक गाउँ एक उत्पादन, एक वडा एक पहिचानको अवधारणालाई प्रबर्द्धन गरिनेछ ।

१९. प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादन वृद्धि गरी उत्पादित प्राङ्गारिक वस्तुको ब्रान्ड प्रवर्द्धन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गरिनेछ ।

२०. कृषिजन्य जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्दै माटो सुहाउँदो एवम् जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र क्लाइमेट स्मार्ट कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ। जलवायु परिवर्तनलाई कृषिमा अनुकूलन गर्दै कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ

२१. लोपोन्मुख बिउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन प्रदान गर्नुका साथै उनीहरूको क्षमता अभिवृद्धि गर्दै आवश्यक प्रोत्साहन गरिनेछ ।

२२. कृषिमा आधारित उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ

२३. तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा अनुदानको कार्यक्रम सञ्चालन गरिने छ ।

२४. कृषि पेसालाई मर्यादित बनाउन हरेक वर्ष नगर स्तरमा मेयर उत्कृष्ट कृषक पुरस्कारबाट ३ जना कृषकलाई सम्मान गर्ने नीतिलाई नियमितता दिईने छ । उक्त पुरस्कार नगरपालिका स्थापना दिवसका दिन वितरण गरिने छ ।

२५. गुणस्तरीय पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस सम्मिश्रण, मिनरल ब्लक आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरूको सदुपयोगलाई प्रोत्साहन गरिनेछ । 'एक वडा एक घाँसेवाली स्रोत केन्द्र' स्थापनालाई अनिवार्य गरिनेछ । यसका लागि वन, भू-संरक्षण तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धनका लागि पहल गरिनेछ ।

२६. प्रत्येक वडामा एकजना पशुसेवा तथा कृषि सेवाका प्राविधिकको व्यवस्था गरी पशुपन्छी सेवामा कृषकको पहुँच विस्तार गरिनेछ ।

२७. बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षबाट सम्भाव्य मझौला, ठूला सतह सिँचाइ एवम् अन्तरजलाधार र जलाशययुक्त बहुउद्देश्यीय आयोजनाका कार्यक्रमहरू प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२८. आकाशे पानी सङ्कलन, भण्डारण तथा प्रभावकारी उपयोग प्रविधिको विस्तार गर्दै सीमान्त कृषिभूमि, चरन क्षेत्र एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा, फोहोराजस्ता प्रविधि उपयोग गरिनेछ । साथै पानीको मुल संरक्षणका लागि सुख्खा डाडाहरुमा पानीको रिचार्जको

लागि साना साना पोखरीहरुके निर्माण कार्य गैसस तथा नीजि क्षेत्रको समन्वयमा संचालन गरिने छ ।

२९. वन संरक्षणका लागि वृक्षारोपण गर्ने कार्यलाई अघि बढाईने छ । यसका लागि नगरस्तर र वडाहरुमा वन डिभिजन कार्यालय संग मिलेर नर्सरीको स्थापना गरिने छ ।

३०. वन उपभोक्ता समितिहरुको वन कार्ययोजनाको आद्यावधिक गरिने छ ।

३१. वन तथा वातावरणको दिगोपनाका लागि सरकारी तथा गैर सरकारी क्षेत्रहरु संगको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

३२. गौखुरेश्वर सामुदायिक वनलाई वन विनाश नहुने गरि पर्यटकिय हवको रुपमा विकास गरिने छ ।

## खं) राजश्व परिचालन सम्बन्धी नीतिहरु

१. विद्युतिय सूचना प्रणालीको आधारमा राजश्व संकलन गर्ने कार्यलई संचालन गरिने छ । जनतालाई कर तिर्न नगर पालिकाको कार्यालयमै आउँनु पर्ने समस्यको पूर्णरुपमा हल गरिने छ ।

२. राजश्वको अभिवृद्धिको लागि प्रत्येक वडाहरुमा अभियान संचालन गरी कर संकलनमा सहजता ल्याउने कार्यलाई नियमिता दिईने छ ।

३. राजश्व संकलनलाई समतामुलक, प्रगतिशील र न्यायपूर्ण बनाईने छ। सबै सरोकारवाला एवम् करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानी बृद्धि गरिदै लगिनेछ । घर वहाल कर, सवारी कर, ब्यवसाय कर संकलनका क्षेत्रमा थप मेहनत गरी प्रभाबकारी रुपमा राजश्व संकलन तथा सो को परिचालन गर्ने भएकोमा सो को निरन्तरता दिईने छ ।

४. राजश्व वृद्धिका लागि तेस्रो पक्षवाट राजश्वका क्षेत्रहरुको पहिचानका लागि अध्ययन गरिने छ । आगामी आ.व.मा करको दायरा विस्तार गरिने नीति लिइएको छ भने राजश्व संकलनका लागि विभिन्न सरोकारवालाहरु संग गरिएको साझेदारी सम्झौताको समीक्षा र पूनरावलोकन समेत गरिनेछ ।

५. नगरपालिकाको लागि भरपर्दो कर प्रणाली सम्पत्ति कर नै हो भन्ने मान्यतालाई स्वीकार गर्दै एकिकृत सम्पत्ति करको लागि गरिने जग्गाको मूल्याङ्कन, आगामी केही बर्ष पश्चात जग्गाको न्युनतम मूल्याकंन संग तादम्यता कायम गर्ने नीति लिईने छ । यसलाई स्थानीय स्रोतको मेरुदण्डको रुपमा विकास गरिने छ । साथै घर संरचनाको मूल्यांकनलाई स्थानीय स्वायत्त साशन नियमावलीको सातौं संशोधनले तोके बमोजिम परिमार्जन गरिनेछ । यसबाटसम्पत्ति करमा केही बृद्धी हुन जानेछ ।

६. न.पा.द्धारा बहालमा लगाईएका सम्पत्तीहरुको बहाल बन्दोबस्त गर्दा तथा आय संकलन कार्य अन्य संस्था मार्फत गराउँदा प्रतिस्पर्धात्मक बिधि अपनाई प्रचलित बजारदरको आधार कायम गरी बहाल बन्दोबस्त गर्दै लगिनेछ ।

७. हरित भवनको मापदण्ड पूरा भएका भवनको नक्शा पास गर्दा तथा ५ बर्ष सम्मसम्पत्ति कर निर्धारण गर्दा लाग्ने करमा १० प्रतिशत तथा अण्डर ग्राउण्ड पार्किङ्ग बनाउने भवनमा नक्शापास दस्तुरमा १०% (दश प्रतिशत) छुटको नीति लिइनेछ ।

## ख. सामाजिक विकास क्षेत्रका नीतिहरु

१. विद्यालय जाने उमेरका सबै बालवालिकाहरुका लागि गुणस्तरीय सान्दर्भिक र समतामूलक पहुँचको सुनिश्चितता गरिने छ ।

२. विद्यालयहरुमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिने छ ।

३. शिक्षक, विद्यार्थी, अभिभावकहरुलाई नतिजाका आधारमा प्रोत्साहन तथा सचेत गराई सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गरिने छ ।

४. शिक्षक तालिमलाई खोज, अनुसन्धान तथा आवश्यकतामा आधारित बनाई नविनतम प्रविधी मैत्री बनाइने छ ।

५. राष्ट्रिय पाठ्यक्रमले स्थानीय तहबाट निर्माण हुने गरी छुट्याइएको पाठ्यक्रमलाई स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं सान्दर्भिक बनाइनेछ ।

६. राष्ट्रिय रुममा तयार नमूना पाठ्यक्रमलाई मुख्य सन्दर्भ सामाग्रीका रुपमा लिई संघीय प्रादेशिक तथा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका बिषयवस्तुलाई खुला सन्दर्भ सामाग्रीहरुको खोजी गर्दै पठन पाठन गर्ने नीति अवलम्बन गरिने छ ।

७. शिक्षाको माध्यम भाषा मातृभाषा, नेपाली वा अंग्रेजी हुन सक्नेछ । सम्बन्धित भाषा विषयको माध्यम सोही भाषा हुने छ । तर कुनै पनि विद्यार्थी वा विद्यालयमा कुनै एक मात्र भाषालाई अनिवार्य बनाउन पाइने छैन ६ निरन्तर विद्यार्थी मूल्यांकनको प्रयोगलाई सुदृधिकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ। मूल्यांकन पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ ।

८. शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९. कक्षाकोठा केन्द्रित नवप्रवर्धनात्मक क्रियाकलापहरुलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

१०. शिक्षकहरुलाई आ(आफ्नो बिषयको विद्याथी सिकाई उपलब्धिको लागि जवाफदेही बनाइनेछ ।

११. विद्यालय हाताभित्र सिकाईलाई नकारात्मक असर पर्ने गरी दलगत सभा सम्मेलन, बैठक, कार्यशाला, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्न पूर्णतया रोक लगाइने छ ।

१२. प्राविधिक तथा व्यवसायिक शिक्षालाई सीप युक्त बनाई स्थानीय रोजगारी तथा स्व। रोजगारी सृजनामा केन्द्रित गरिने छ ।

१३. धुलिखेल नगरपालिकालाई आकर्षक शैक्षिक हवका रुपमा विकास गर्दै लगिने छ ।

१४. नगरस्तरमा सञ्चालित तथा सञ्चालन हुन चाहने संस्थागत विद्यालयहरुले नगरपालिकाको सिफारिसमा लक्षित समुदायका बालबालिकाहरुलाई ऐन, नियमावली तथा कार्यविधिले तोकेको कोटामा निःशुल्क अध्ययन गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१५. आधारभूत तथा माध्यामिक शिक्षामा सुधार, गुणस्तरीयता र विश्वसनीयता बृद्धि गर्न आबश्यक शैक्षिक तथा व्यवस्थापकीय उपकरणहरूको उपयोग गरिने छ ।

१६. शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुसँग कार्य सम्पादन सम्झौता गरी सोको त्रैमासिक मूल्यांकन गरी आवश्यक प्रोत्साहन तथा नकरात्मक उत्प्रेरणाका उपकरणहरु अबलम्बन गरिने छ ।

१७. विद्यार्थीको शैक्षिक उपलब्धिस्तर सुधार गर्न विद्यार्थीका अविभावक, शिक्षक, प्रधानाध्यापक र नगरपालिकाबीच समय समयमा अन्तरक्रिया गरी सरोकारवालाहरुको सक्रियता बढाइने छ ।

१८. आधारभूत तथा माध्यामिक शिक्षामा सुधार, गुणस्तरीयता र विश्वसनीयता बृद्धि गर्न आबश्यक शैक्षिक तथा व्यवस्थापकीय उपकरणहरूको उपयोग गरिने छ ।

१९. संस्थागत विद्यालयहरुको ग्रेडिङ् गरी सो बमोजिम आवश्यक नीतिगत निर्णयहरु गरिनेछ ।

२०. निःशुल्क र अनिवार्य शिक्षाको मौलिक अधिकार सुनिश्चित गर्न शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउन संघ तथा प्रदेश सरकारसँग समन्वय गरी शिक्षामा लगानी बृध्दि गर्दै लगिने छ ।

२१. माध्यमिक शिक्षामा विज्ञान, प्राविधिक एवं व्यवसायिक शिक्षालाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिने छ

२२. कक्षा ७,८,९ र १० का कमजोर विद्यार्थीलाई लक्षित गरि उनिहरुको सिकाइ उपलब्धि वृद्धि गर्न विद्यालय रटोल टोलमा नमुनाको रुपमा ट्युसन, कोचिङ्ग तथा शैक्षिक परामर्श केन्द्र सञ्चालन गरिने छ ।

२३. उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था स्थापना गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने छ ।

२४. शिक्षा क्षेत्रको गुणस्तर विकासको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने नीति अबलम्बन गरिने छ ।

२५. विद्यार्थी संख्या न्यून भएका सामुदायिक विद्यालयहरुलाई नजिकका विद्यालयहरुवीच एक आपसमा गाभ्ने ९मर्जर० नीति लिइने छ ।

२६. विद्यालयको शैक्षिक प्रशासन लाई व्यवस्थित एवं चुस्त वनाउन विद्युतीय हाजिरिलाई थप व्यवस्थित गर्दै लगिने छ साथै निरीक्षण,अनुगमन प्रणालीलाई सुदृढ र प्रभावकारी वनाइने छ ।

२७. वहु कक्षा वहु स्तर कक्षा  कार्यक्रमलाई थप गरी खभ्ग प्रभावकारी वनाउदै लगिने

२८. नगरपालिका भित्रका ३ वटा वालयलाई नमुना विद्यालय बनाइने छ ।

२९. नगर क्षेत्र भित्रका बाललालिकाहरुको चौतर्फी विकासका लागि बालावालिकाको आचार संहिता बनाई लागु गरिने छ ।

३०. बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले बालमैत्री स्थानीय शासनका लागि तोकेको ३९ वटा सूचकहरुलाई न्यूनतम सूचक मानि सो सूचकहरु पूरा गर्नका लागि आवश्यक पहल गरिने छ ।

३१. नगरपालिकावाट तयार गरिएको वालसंरक्षण नीतिलाई पुर्ण रुपमा लागु गरि सो को अनुगमन समेत गरिने छ ।

३२. चार वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न विद्यालय संरचनाभित्रै प्रारम्भिक बालशिक्षा सञ्चालन गरिएको सो को निरन्तरता दिईने छ ।

३३. नगर क्षेत्र भित्र संचालन हुने कार्य तथा कृयाकलापहरुमा बालश्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीति लाई निरन्तरता दिईने छ ।

३४. नगरपालिकावाट उपभोक्ता समितिवाट कार्य गर्दा सम्भव भए सम्म नमुनाको रुपमा सवै पदाधिकारीहरु महिला रहने गरी उपभोक्ता समिति गठन गरि कार्य संचालन गरिनेछ ।

३५. नगरलाई बाल विबाह तथा महिला हिसामुक्त नगर बनाउनको लागि आवश्यक पहल कदमीको शुरुवात गरिनेछ ।

३६. महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा युवाहरुको सशक्तीकरण र अयआर्जन कार्यकमहरुलाई परिषदसंगको सहकार्यमा संचालन गरिनेछ ।

३७. नगर स्वास्थ्य केन्द्रको व्यवस्थापन, स्वास्थ्य चौकीहरुको संचालन, क्षमता विकास तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता विकासमा सहयोग पुर्‍याउने कार्यलाई  यस वर्ष पनि निरन्तरता दिईने छ ।

३८. नगरक्षेत्र भित्रका सवै वाल विकास केन्द्रहरु तथा निजी मन्टेश्वरीहरुको सुचिकृत र अनुगमन गर्ने पद्धति लागू गरिनेछ । हरेक सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ र ती केन्द्रहरुलाई वालमैत्री नगर स्थापनाको सूचक वमोजिम कृयाकलाप संचालन गर्न उत्प्रेरित गरिनेछ ।

३९. नगर भित्र संचालन भएका बालगृह मापदण्ड अनुरुप चलेनचलेको अनुगमन गरिने छ । मापदण्ड विपरित संचालन गरिएका बालगृहहरु कानून बमोजिम बन्द गरिने छ ।

४०. स्वास्थ्य सूचनालाई प्रभावकारी बनाउँन हाम्रो स्वास्थ्य हाम्रै सरोकार रेडियो कार्यकमलाई निरन्तरता दिईने छ ।

४१. विद्यालय तथा कजेजस्तरमा प्रजनन स्वास्थ्य कार्यकमलाई निरन्तरता दिईने छ ।

४२. प्रयोगशाला सेवा थप स्वास्थ्य केन्द्रहरुमा विस्तर गर्दे जाने नीति लिईएको छ ।

४३. धुलिखेलनगरपालिकाले २०२० सम्ममा नगरपालिकालाई बालमैत्री नगर बनाउने अभियान थालनी गरेको छ । यस अभियानमा समाजका सवै वर्ग र समुदायहरु हातेमालो गरी परिचालित भएका छन् । हाम्रो हाल सम्मको प्रगति उत्साहजनक रहेको छ । हालै नगरको वडा नं १० बालमैत्री वडा घोषणा भएकोमा आगामि आ.व. मा थप ६ वटा वडाहरुलाई बालमैत्री वडा घोषण गरिने छ ।

४४. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समतामूलक वितरण सुनिश्चित गरिनेछ । हाल विद्यमान कानुनी तथा नीतिगत प्रावधानअनुसार प्राथमिक तहमा अधिक देखिने स्वीकृत दरबन्दीलाई आवश्यकताअनुसार माथिल्लो तहमा रूपान्तरण गरी पदपूर्तिको व्यवस्था मिलाइनेछ ।

४५. नगरमा सञ्चालन गरिएको बहुकक्षा बहुस्तर (MGML) कार्यकमलाई निरन्तरता दिईने छ ।

४६. प्रत्येक विद्यालयमा छात्र र छात्राको लागि अलग शौचालयको व्यवस्था गरिनेछ ।

४७. विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ। साथै सरकारी, राष्ट्रिय तथा अर्न्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बंचित बालबालिकाहरु लगायत अन्यका लागि अनौपचारिक शिक्षा कक्षा संचालन गरिनेछ ।

४८. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सुनिश्चितताका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ ।

४९. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोग गर्दै लगिनेछ ।

५०. नगर क्षेत्रका युवा वर्गमा लागू पदार्थ दुर्व्यसन प्रति सजगता तथा HIV/AIDS रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरु संचलान गरिने छ । लैङ्गिक अल्पसंख्यकहरुलाई आत्मसम्मानपूर्वक जीवन यापन गर्न सन्देशमुलक कार्यक्रमहरु संचालन गरिनेछ

५१. मेयर गरिवी निवारण कोष मार्फत दलित, महिला, अपाङ्गता भएका ब्यक्ति, आदिवासी जनजाति र द्वन्द पिडीत, घरवार विहिन, तथा अति गरिव लगायत आर्थिक सामाजिक रुपमा पछाडि परेका परिवारका सदस्यहरुलाई स्वोजगारमुलक कार्यक्रम संचालन गरिनेछ ।

५२. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाई आदिको प्रबन्ध विद्यार्थी संख्याको अनुपातमा गरिनेछ । शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाइनेछ । विद्यालयलाई शान्तिक्षेत्र बनाइनेछ ।

५३. यस नगरपालिका भित्र रहेको काठमाडौ बिश्वविद्यालयमा हुने उच्च शिक्षाका लागि धुलिखेल नगर क्षेत्रका विद्यार्थीहरुलाई प्राथमिकताका साथ छात्रबृत्तिको व्यवस्था गरिनेछ। विश्वविद्यालय र नगरपालिकाका बीचमा सुमधुर सम्बन्ध स्थापित गर्न नीतिगत पहल लिइनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणामा कृषि तथा प्राविधिक क्याम्पस स्थापना र संचालन गर्न पहल गरिने छ। धुलिखेल अस्पताल संगको साझेदारीमा सामाजिक सुरक्षाका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

५४. स्वस्थ शहरको अवधारणालाई अगाडि बढाउँदै स्वास्थ्य चौकीहरुमा २४सै घण्टा Birthing Center सञ्चालन तथा सेवा सुनिश्चित भएको प्रयोगशाला, पर्याप्त औषधीको व्यवस्था गरी आधारभूत र प्राथमिक स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गरिनेछ। आर्युवेदिक, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका प्रचलित स्वास्थ्य उपचार सेवाको प्रवर्द्धन गरिने छ ।

५५. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरूसहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।

५६. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।

५७. धुलिखेल अस्पतालसंग समन्वय तथा सम्झौता गरी आमा सुरक्षा कार्यक्रम मार्फत सुरक्षित मातृत्वको यातायात खर्च तथा सेवा खर्च उपलब्ध गराई आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५८. नगरलाई धुँवामुक्त नगर बनाउँनका लागि विभिन्न अभियानहरु संचालन गरिने छ ।

५९. लक्षित बर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याउन सहजीकरणका लागि नगरपालिकामा गठन भएका महिला परिषद, युवा परिषद, दलित परिषद, आदिवासी जनजाति परिषद, अपाङ्गतावर्ग परिषदको प्रभावकारी परिचालन गरिनेछ । परिषदको कार्यविधि स्वीकृत गरी लागु गरिनेछ । लक्षित वर्गको वजेट कार्यान्वयन र त्यसको अनुगमनमा यस्ता परिषद्संग सहकार्य गरी संचालन गरिनेछ ।

६०. नगरभित्र रहेका उद्योग तथा व्यवसाय हरुमा निश्चित प्रतिशत नगरबासीलाई रोजगारी दिने व्यवस्था गरिनेछ भने सबै क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिताको हकलाई सुनिश्चित गर्दै लगिनेछ । समान कामको लागि समान ज्याला नीति कडाईका साथ कार्यान्वयन गरिनेछ ।

६१. युवाहरूलाई रूपान्तरणका संवाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरिने छ । उद्यमशिलताको प्रवर्धन, तुलनात्मक लाभका क्षेत्रहरुको खोजी र पहिचान तथा व्यवसाय थालनी परामर्श केन्द्र लगायतका कार्य गरिने छ ।

६२. कलाकार, खेलाडी, स्रष्टा, संस्कृतिकर्मी, मिडियाकर्मी र सबै क्षेत्रका अगुवा र समाजसेवीहरुलाई सम्मानका साथ सामाजिक अभियानमा उत्प्रेरित गरिनेछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा धुलिखेललाई चिनाउनेस्रष्टाहरुलाई उचित सम्मान गर्ने नीति लिईनेछ ।

६३. जेष्ठ नागरिक, एकल र विधवा महिला, अशक्त अपाङ्ग र बालवालिकालाई नेपाल सरकारवाट प्रदान गरिदै आएको सुरक्षा भत्ता समयमै सुलभ तरिकावाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान अनुभवलाई उपयोग गरिने कार्यक्रमहरु संचालन गरिनेछ ।

६४. सुरक्षित शहर (Safte City) हाम्रो प्रतिबद्धता हो ।चेलीबेटी बेचबिखन, बोक्सीको आरोप, घरेलु हिंसा, यातना, संगठित अपराध, वालविवाह, चोरी, डकैती, छुवाछुत, लैंगिक हिंसा, यौनजन्य हिंसा, जबरजस्ती श्रम गराउने, बधुवा मजदुर, वालश्रम, अमानवीय दुर्व्यवहार अन्त गर्न कानून बनाई कार्यान्वयन गरिनेछ । आपतकालीन अवस्थाको लागि आवश्यक सुरक्षा प्रणालीको व्यवस्था गरिनेछ । संविधानको भावना बमोजिम कानून बनाई नगर प्रहरी सेवाको स्थापना गरिनेछ ।

## ग. पूर्वाधार विकास क्षेत्रका नीति तथा कार्यक्रमहरु

१. सडकको दायाँबायाँ हरियाली कायम गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२. नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक विकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापन पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

३. धुलिखेल नगर क्षेत्र भित्रका पक्की सडकहरुको मर्मत सम्भारको लागि सडक बोर्ड नेपालबाट रकम बिनियोजन हुने गरी सडक मर्मत सम्भार कार्यलाई अगाडि बढाईनेछ । यस कार्यका लागि प्राविधिक सहयोग डिएफआईडीले उपलब्ध गराउँनेछ । डक रणनीतिक योजनानुसार रणनीतिक सडकहरूको सुदृढीकरण एवम् स्तरोन्नति कार्यलाई नगर यातायात गुरु योजना अनुसार प्राथमिकता दिइनेछ ।

४. नगर क्षेत्र भित्र पर्याप्त खानेपानीको व्यवस्थाको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी खानेपानीका आयोजनाहरुलाई प्रथमिकताका साथ अगाढी बढाईनेछ ।

५. नगर क्षेत्रभित्र रहेका मुख्य सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि सडक निर्माणको कार्यलाई तिब्रताका सथा अघि बढाईनेछ ।

६. नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी (Public Private Partnership-PPP) को अवधारणा अवलम्बन गरिनेछ ।

७. साविक धुलिखेल नगरपालिका भित्रका सडकहरुमा लगत कट्टाको लागि पहल गरिनेछ साथै गत तथा चालू आ.ब. मा सञ्चालनमा रहेका योजनाहरुलाई प्राथमिकतामै राखी क्रमागत रुपमा सम्पन्न गरिनेछ ।

८. नगरपालिकाद्वारा पूर्वाधार विकास गरिएका योजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्यलाई अगाडि बढाइनेछ ।

९. भूकम्पलगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक, धार्मिक सम्पदाहरूको पुनर्निर्माणका लागि पुरातत्व विभागसंग सहकार्य गरिनेछ ।

१०. खेतीयोग्य भूमिमा सिंचाई सुविधा विस्तारको लागि स्थायी श्रोतहरुको पहिचान तथा विकास गरिनेछ । सिंचाईको व्यवस्थापनका लागि प्लाष्टिक पोखरी, आकासे पानी संकलन, स्प्रिंकल तथा थोपा सिंचाई जस्ता उपयुक्त प्रविधिहरुको विस्तार तथा प्रविधिहरुको हस्तान्तरण गरिनेछ ।

११. आकस्मिक सडक मर्मत सम्भारको कार्य गर्न बजेट विनियोजन गरेको छु । यसबाट धुलिखेलका शहरी सडकहरु विग्रनुपूर्व तथा बर्षात पछि मर्मत सम्भार भई शहरको सुन्दरता वृद्धि गर्दै दुर्घटना न्यूनिकरणमा योगदान पुग्ने विश्वास लिएको छु । यसबाट ग्रामीण सडकको आकस्मिक मर्मत समेत गरिने छ ।

१२. ४ फिट भन्दा अग्ला, भुकम्पीय दृष्टिले जोखिम युक्त पर्खालहरु एवम् कच्चा किसिमले निर्माण भएका पर्खाललाई भत्काउन लगाईनेछ । एक घर दुई रुखको नीति लिइने छ । यसले हरियालीयुक्त धुलिखेल कायम राख्न मद्दत पुग्नेछ । प्रत्यक्ष रोजगारी सृजना गर्ने कम्तीमा एक आयोजना महिला कै सहभागितामा मात्र सञ्चालन गर्ने नीति लिइने छ ।

१३. बजार, पसल, रेष्टुरा, कार्यालय वा यस्तै प्रकारका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ ।

१४. पुण्यमाता खोलाको कोरिडोरमा नयाँ ट्रयाक निर्माण गरि भविष्यमा यातायता संजाललाई विस्तार गरिनेछ ।

१५. तिव्र सहरीकरणलाई व्यवस्थापन गर्न, पूर्वाधार संरचनाहरु सोही वमोजिम निर्माण गर्न एवम् धुलिखेलको आर्थिक विकासमा टेवा दिन धुलिखेल नगरक्षेत्र भित्र चक्रपथ रेखांकन सम्पन्न गरिने छ ।

१६. जुनसुकै शिर्षकबाट बजेट विनियोजन गरिएको भएतापनि जुन आर्थिक बर्षको लागि बजेट विनियोजन गरिएको हो, सोही आर्थिक बर्षमा आयोजना सम्पन्न गरिसक्नु पर्ने नीति लिइनेछ । आ.ब. को चैत्र मसान्त सम्म सम्झौता गरी कार्यान्वयन अघि नवढेका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरु न.पा. बाट अन्य आयोजनाहरुमा रकमान्तर गरि आयोजनाहरु संचालन गरिनेछ ।

१७. न.पा.को भौतिक एवम् सामाजिक सेवालाई अपागं मैत्री बनाउदै लगिने छ । अपांग मैत्री ऱ्याम्प निर्माणमा केन्द्रित हुँदै पार्किङ, फुटपाथ, जेब्रा क्रशिङ आदिमा नमूना अपांग मैत्री संरचना निर्माण गर्ने नीतिलाई अगाडि बढाईनेछ । त्यस्तै सङ्केत युक्त टायल लगाई  फुटपाथ बनाउने नीति लिइने छ ।

१८. नगरपालिकाका सबै वडा केन्द्रहरु सम्म क्रमशः कालोपत्रे सडक निर्माण गरिनेछ । नगरस्तरीय सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने गरी स्तरोन्नति गरिनेछ । सबै गाउँ, बस्तीहरुमा सडक सञ्जाल पुर्‍याइनेछ ।

१९. नगरक्षेत्र भित्र पर्ने बिपी राजमार्ग तथा अरनिको राजमार्गको दायाँ बायाँ फुटपाथ निर्माण गरिनेछ । यसैगरी देवीटार क्षेत्र तथा शंखु क्षेत्र जोड्ने बाटोहरुको स्तरोन्नतिलाई निरन्तरता दिईनेछ ।

२०. सम्पूर्ण नागरिकहरुलाई स्वच्छ पिउने पानीको पहुँच हुनेछ । काभ्रे उपत्यका खानेपानी योजनालाई निर्धारित समयमै सम्पन्न गरिनेछ । पात्लेखेल, काभ्रे, देबीटार, रबिओपी, शंखु, शारदा बतासे

२१. लगायतका क्षेत्रमा सम्भाव्य स्रोतहरु पहिचान तथा नविनतम प्रविधिको प्रयोग गरी दिगो खानेपानी आपूर्तिको व्यवस्थापन गरिनेछ ।

२२. धुलिखेल एकिकृत नगर विकास आयोजनाको कामलाई निरन्तरता दिई सम्पन्न गरिनेछ ।

२३. नगरपालिका क्षेत्रभित्र एउटा पहाडी नमूना बस्तीको विकास गरिनेछ । धुलिखेल क्षेत्रलाई सुरक्षित, ब्यवस्थित, सुविधा सम्पन्न र आकर्षक आवास केन्द्रको रुपमा विकास गरिने छ । टाउन प्लान बिस्तारका लागि आबश्यक कार्यविधि र मापदण्ड बनाई नियमन र व्यवस्थापन गरिनेछ ।

२४. नगरपालिकामा एउटा नगर सभागृह तथा बहुद्देश्यीय कभर्ड हल निर्माणको थालनी गरिनेछ। प्रत्येक वडामा खुला क्षेत्रको रुपमा पनि प्रयोग गर्न सकिने गरी वहुउपयोगी खेलमैदान निर्माण गरिनेछ।

## घ.फोहरमैला व्यवस्थापन,वातावरण तथा प्रकोप व्यवस्थापन क्षेत्रका नीति तथा कार्यक्रमहरु

१. फोहोरमैला ब्यवस्थापन ऐन,२०६८ मा रहि नगरपालिकाको समग्र फोहोरमैला ब्यवस्थापनका लागि कार्यविधि तयार गरिने छ।

२. ADB को सहयोगमा बैकल्पिक उर्जासंग मिलि बायोग्यास कार्यक्रम संचालन गरि ग्यास उत्पादन गरि घरधुरीहरुमा वितरण गरिने छ।

३. प्रत्येक वडामा नमुना टोल विकास संस्था छनौट गरि विकासका निर्माण कार्यहरुमा सहभागि गराईने छ।

४. विद्यालयमा दिगो वातावरणीय कार्यक्रम संचालन गरि वातावरणमैत्री विद्यालय घोषणा गरिने छ।

५. घडेरी खार्ने कार्यलाई निरुत्साहित गरिनेछ। घडेर खार्न अनुमति लिनु पर्ने, ठूलो स्केलमा खन्नु वा पुर्नु पर्दा वातावरणीय अध्ययन गरिनु पर्ने तथा घडेरी खार्दा सडकमा माटो आउने अवस्था राकिनछ।

६. स्वच्छ तथा हराभरा धुलिखेलको लक्ष्यका साथ हरियाली प्रवर्द्धन गर्न सडकको दायाँ बायाँ बृक्षारोपण कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमलाई निरन्तरता दिईने छ। जलवायु परिवर्तन र यसको प्रभावका कारण पानीको स्रोतमा आएको कमी र जमीनमुनीको पानीको सतह घटेको कुरालाई ध्यानमा राख्दै एक वडा एक पोखरीको कार्यक्रमलाई निरन्तरता दिदै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ ।

७. नगरक्षेत्रको फोहोरमैलाको दिगो व्यवस्थापनका लागि ब्यवस्थित ल्याण्डफिलसाइटको पूर्बाधार निर्माण गरिनेछ। सबै वडामा ब्यवस्थित ढल निकासको निर्माण गरिनेछ। नगरको आन्तरीक स्रोतले यी स्केलको आयोजना संरचना गर्न संभव नभएकोले दातृ निकाय समक्ष पहल गरीने छ।

८. दमकलको व्यवस्था गरी आपतकालीन प्रयोगका लागि तयारी अवस्थामा राखिनेछ।

९. घरेलु फोहरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने तीन तहमा घरमै छुट्ट्याई सो को उपयोग र उचित व्यवस्थापनका लागि निजी क्षेत्र र गैरसरकारी निकायसँग साझेदारी गरिनेछ।

१०. पिछडिएका वर्गहरुका लागि र विभिन्न चोकहरुमा नीजि तथा सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिईने छ।

११. सार्वजनिक स्थलहरूमा फोहोरमैला फ्याँक्ने, सूर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरीतका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई पूर्णतः निषेध गरिनेछ।

१२. गाडि मर्मत संभार गर्ने वर्कसपहरुले अनिवार्य रुपमा आफ्नो प्रयोगको क्षेत्र पक्की बनाई गाडिले सडकमा हिलो ल्याउन नपाउने र मोविल लागयत दुषीत पानी नालिमा पठाउन नपाउने नीति कडाईका साथ लागू गरिनेछ।

१३. केही छानिएका क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न टोल विकास संस्थासँग सहकार्य गरिने छ। जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा अनुगमन तथा निगरानी समिति बनाइने छ। हाल फोहोरमैला बयबस्थापनमा प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन। यसको समिक्षा गरी सम्झौता पुनराबलोकन वा अन्य विकल्प अपनाई समस्याको समाधान गरीने छ। फोहरमैला व्यवस्थापन ऐन, २०६८ लाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

१४. भुकम्पबाट घरबार नै गुमाएका बिपन्न परिवारहरुलाई भवन निर्माणको लागि सरकारले तोकेका नक्सा निर्माण तथा नक्सा पासका लागि लाग्ने शुल्क मिनाह कार्यलाई निरन्तरता दिईनेछ।

भुकम्प प्रभावित परिवारहरुको पुर्नस्थापनाको लागि जीविकोपार्जन कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

**१५.** धुलिखेलका अन्तराष्ट्रिय रुपमा प्रख्यात ब्यक्ति तथा ब्यक्तित्वहरुको सहयोग लिदै पुनः निर्माणलाई गतिशिल बनाईनेछ । पुनःनिर्माण क्षेत्रका समस्याहरुको निराकरण गर्न कार्यदल तथा कार्यटोलीहरुको निर्माण गरी समुदाय स्तरमा नै खटाइनेछ । भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक संरचनाहरुहरुको ब्यवस्थित पुर्ननिर्माणको कार्य तत्काल अगाडि बढाउन आवश्यक पहल गरीने छ ।

**१६.** विपद ब्यवस्थापनको लागि संस्थागत संरचनाहरु सुदृढ गर्दै संभावित बिपद् जोखिम पहिचान गरी पूर्वतैयारीको लागि आवश्यक कार्य गरिनेछ । आपतकालीन खोज, उद्धार तथा राहत र पुर्ननिर्माणका लागि आबश्यक प्रबन्ध गरिनेछ । विपतको समयमा प्रयोग गरीने कोष खडा गरीएको छ । आगामी आ.व.मा यस कोषमा नगरपालिकाको तर्फबाट रु. १० लाख थप गरिएको छ । ब्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत निजी क्षेत्र, गैर सरकारी क्षेत्र र अन्य सरकारी निकायहरुलाई पनि यस कोषमा योगदान गर्न प्रेरित गरिने छ ।

**१७.** नगर क्षेत्रभित्र रहेको वनक्षेत्रलाई संरक्षण, सम्वर्द्धन र वनको दिगो उपभोग र व्यवस्थापनको लागि समुदायमा आधारित वन व्यवस्थापनलाई प्रबर्द्धन गरिनेछ । सडकका दायाँबायाँ बिभिन्न प्रजातिका रुख तथा फुलहरु रोपी Green City को अवधारणा अनुरुप विकास गरिनेछ ।

**१८.** समृद्धिका लागि वनको अवधारणा अनुरुप श्रीखण्डपुरको छलेश्वर वन, स्वर्ग हुमेन डाँडा वन, कटुवापाखा वन, शंखुको वन, फस्कोट वन लगायतका नगरक्षेत्रका सामुदायिक वनहरुको संरक्षण गर्दै इको टुरिजमको अवधारणा अनुरुप विकास गरिनेछ ।

**१९.** वायु प्रदुषण, भूप्रदुषण, ध्वनी प्रदुषण नियन्त्रणका लागि आबश्यक नीतिहरुको तर्जुमा गरी प्रदुषणमुक्त नगरको रुपमा अगाडि बढाइनेछ ।

**२०.** नगरक्षेत्र भित्रको जैविक विविधता र जैवीक चक्र अध्ययन गरी त्यसको संरक्षणको लागि आवश्यक ऐन नियम योजना बनाई कार्यान्वयन गरिनेछ । साथै जलवायु परिर्वनले पारेका असर र प्रभावको अध्ययन गरी जलवायु अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । Clean City को अवधारणा अनुरुप न्यून कार्वन उत्सर्जनको लागि नीति बनाई कार्यान्वयन गरिने छ । गोबरग्यास, सोलार लगायत सफा उर्जा र बैकल्पिक उर्जा विस्तारलाई प्रोत्साहन गरिनेछ ।

**२१.** पचासवटा भन्दा धेरै गेष्ट रुम भएका पर्यटकीय होटलहरु, तथा ठूला तथा ब्यवसायिक प्रयोजनको लागि निर्माण गरिएका अन्य घरहरुले आफ्नो होटल तथा घरबाट निस्कने फोहर पानी स्वयं प्रशोधन गर्नु पर्ने नीति लागू गरिने छ ।

**२२.** डम्पीङ्ग साईडको लागि खरिद गरिएको जग्गा क्षेत्रमा डम्पिङ्ग साइड विकास गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाईनेछ ।

**२३.** पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न बजार क्षेत्रको बाटो निर्माण समाग्रीहरु राख्न दिईने छैन।

**ङ सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन संग सम्बन्धित नीतिहरु**

१. नगरपालिकाबाट सम्पादन हुने न्यायप्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुर्‍याइनेछ । वडाहरुमा मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्दै उनीहरुको क्षमता विकास र परिचालन गरिनेछ । नगरको उप प्रमुखको संयोजकत्वमा गठन भएको हुने न्यायिक समितिलाई श्रोत साधनयुक्त वनाईनेछ ।

२. सेवाग्राहीको अधिकारलाई सम्वोधन सवै वडा कार्यालय र विषयगत इकाइमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरिएको मा सो को प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरुलाई उत्तरदायी बनाईने छ । यसबाट नगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी र विश्वसनीय हुने विश्वास लिइएको छ ।

३. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रबिधिको विकास तथा बिस्तार गरी E-Governance लाई तिव्रता दिईने छ। सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रबिधिमा आधारित तथा दोस्रो चरणमा इन्टरनेटमा आधारित (online Service) बनाई प्रवाह गर्ने नीति रहेको छ।

४. आम नगरबासीलाई सेवा तथा सूचना दिने प्रयोजनको लागि नपाले मोवाइल एप संचालनमा ल्याईएको छ र सो को निरन्तरता दिईने छ। धुलिखेलबासी आदरणीय नागरिकहरुलाई नपाबाट जारी गरिने सेवा तथा सेवा लिन सम्पर्क राख्नु पर्ने स्थानहरु, एवम् सूचना तथा सार्वजनिक जानकारीका विषयहरुको अलावा, वहाँहरुको दैनिकी संग जोडिएका विविध विषयहरु यस एप मार्फत नगरबासीको हात हातमा पुऱ्याइनेछ।

५. विद्युतीय शासन तथा सेवा प्रणालीलाई प्रबर्द्धन गरिनेछ। सार्बजनिक स्थलहरुमा फ्रि वाइफाई इन्टरनेट सुविधा उपलब्ध गराईएकोमा सो को निरन्तरता दिईने छ र नगरपालिकालाई Smart City को रुपमा विकसित गरिनेछ।

६. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध-बृद्धा एवम् दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ।

७. कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ।

८. पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्रकार महासंघ लगायत संचारसंग सम्बद्ध निकायहरुसंग समन्वय गरी संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

९. पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ। साथै जनप्रतिनिधी र कर्मचारीहरुलाई कम्प्युटर तालिम प्रदान गरी सबै वडामा सफ्टवेयर जडान गरी आर्थिक कारोवार सहित कम्प्युटर मार्फत सेवा प्रदान गरिनेछ।

१०. नगरपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी गत परिषदबाट स्वीकृत भई सञ्चालन हुँदै आएकोमा स्थानीय पुनःसंरचना पश्चात्को संगठनात्मक स्वरुप बमोजिम दरवन्दी व्यवस्था मिलाइनेछ।

११. वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न सरुवा तथा जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ।

१२. नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकासका लागि नगर क्षमता विकास योजना तर्जूमा गरिनेछ।

१३. अस्थायी/करारमा कार्य गरिरहेका कर्मचारीहरुलाई निवृत्त हुँदा खालि हात नपठाउने नीतिलाई निरन्तरता दिईने छ।

१४. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गरिनेछ। वडा कार्यालयहरुलाई भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्ति आपूर्ति गरिनेछ। प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिनेछ।

१५. नगरपालिकामा आबश्यक र उपयुक्त कानून, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ।

१६. यस नगरपालिका क्षेत्रलाई सुशासन मैत्रीनगर (Good Governance Friendly City) बनाउन आवश्यक कार्यारम्भ विगत वर्षबाट सुरुवात गरिएकोमा उक्त कार्यलाई प्रभावकारी बनाउन निरन्तरता दिई सुशासनको अनभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालनको नीति लिइनेछ।

१७. नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ। गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ। सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र बिश्वसनीय बनाइनेछ। ईबिडिङ प्रणालीलाई कार्यान्वयन गरिनेछ

। गुणस्तर मापदण्ड बनाई लागू गरिनेछ । विकास कार्यहरुको व्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

१८. नगरको समग्र विकासमा सामुदायिक संस्थाहरु, गैरसरकारी क्षेत्र, सहकारीक्षेत्र, निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदारहरुसँग साझेदारी र सहकार्य गरिनेछ ।

१९. यस नगरको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र न.पा.भित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु नगरकार्यपालिकाद्वारा निर्णय गरी कार्यान्वयन गर्ने र आगामी नगरसभाबाट अनुमोदन गर्ने नीति अवलम्बन गरिनेछ ।

२०. नगरक्षेत्रको योजनाबद्ध विकासमा सहयोग पुर्‍याउन योजनाविद् र बुद्धिजीवीहरु सम्मिलित नगरस्तरीय योजना आयोगको गठन गरिनेछ । नगरपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको लागि आचारसंहिता बनाई लागू गरिसकिएको छ । निर्वाचित भए लगत्तै र कार्यकाल समाप्त भएपछि अनिवार्य सम्पत्ति बिवरण बुझाउने कानूनी व्यवस्था कडाईका साथ पालना गरिनेछ ।

२१. नागरिकहरुको सूचनामा सहज पहुँच सुनिश्चितताको लागि आवश्यक व्यवस्था गरिनेछ । क्रमशः खुला सरकारको अवधारणा अवलम्बन गरिनेछ ।सामाजिक सञ्जाल तथा विद्युतीय प्रविधिहरुको स्थापना, प्रयोग र विस्तार गरिनेछ ।

२२. नगरपालिका उत्कृष्ट काम गर्ने कर्मचारीहरु, वडा सचिवहरु, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयं सेवकहरु त्था टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, कृषक समूह, सहकारी आदिलाई उचित अवसरमा पुरस्र्कत गर्ने नीति लिईनेछ ।

२३. नगरमा बस्ने परिवारहरुको वेबमा आधारित पारिवारिक बिवरण अभिलेख राख्ने प्रणाली स्थापना गर्न साझेदारहरुको खोजी गरिनेछ ।

## च. भवन निर्माण, नक्सा पास, तथा भूमी व्यवस्थापन सम्बन्धी नीतिहरु

१. भुकम्प पिडितलाई जुनसुकै डिजाईनको आधारमा घर निर्माण गरी पनि धरौटी बापतको रु ५०००।०० रकम छुट दिने नीतिलाई निरन्तरता दिईनेछ ।

२. साविक गाविस हुँदा बनेका घरहरुलाई अनिवार्य रुपमा नक्शा पास अभिलेख गर्ने गरि प्रकृया अघि बाढाईएको छ र सो को निरन्तरता दिईने छ ।

३. भुकम्प पश्चातको पुनःनिर्माण कार्यलाई गतिदिन सरकारले जारी गरेको २२ वटा डिजाईनलाई निशुल्क नक्शा पास कार्यलाई यो आ.व.पनि निरन्तरता दिईनेछ ।

४. धुलिखेल तथा श्रीखण्डपुरको मुख्य क्षेत्र भित्र घर अगाडिको मोहडा पुरानो तथा पुरातात्विक शैली झल्कने गरी निर्माण कार्य गर्ने गरि नक्शा पास गर्ने प्रकृयालाई निरन्तरता दिईनेछ । यसरी निर्माण गरिने घरको नश्शापासमा ५० प्रतिशत राजश्व छुट दिईने छ साथै पुरानो घर अनुसारको डिजाईनमा सम्बन्धित घरधनिले घर निर्माण गरेमा नक्शाको डिजाईन तथा पास निशुल्क गरिने छ ।

५. यस धुलिखेल नगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरुमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट व्याक पूरा भएको, तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा र "राष्ट्रिय भवन संहिता–२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय सुदृढीकरण (Retrofitting सहित तला थपको अनुमति प्रदान गर्ने नीति लिइनेछ । घर नक्सा स्वीकृत कम्प्युटर प्रणाली मार्फत गरिने छ ।

६. बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड बमोजिम प्लटिङ्गलाई ब्यबस्थित गरिनेछ । प्लटिङ्ग गार्दा अनिवार्य रुपमा नगरपालिकावाट स्वीकृती लिनुपर्ने छ न.पा बाट स्वीकृति नलिई गरिएको प्लटिङ्गमा नक्सा पास नगर्ने नीति हामीले तर्जूमा गरिसकेको छौ । यस्ता प्लटिङ्गहरुलाई समयमा नै स्वीकृति लिन पनि एक महिना समय अबधि तोकी सूचना

जारी गरिसकीएको छ । Land Use Plan नबने सम्म बस्ती बस्न अयोग्य क्षेत्रमा प्लटिङ्ग स्वीकृति दिइने छैन ।

७. नगरपालिकाले सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड जारी गरी कार्यान्वयन गरेको छ । यसलाई कडाइका साथ कार्यान्वयन गरिने छ । नगरपालिकाका विस्तारित वडाहरुमा सडक मापदण्ड र घरको मापदण्ड पुगेका घरहरुको आगामी आ.व. भित्र मात्र समय तोकि नक्सा अभिलेखीकरणको लागि अनुरोध गरिनेछ । यस्तो अभिलेखीकरण गर्दा गैर नाफामूलक तथा सामुदायिक संस्थाहरुको भवनलाई ५० प्रतिशत छुट दिइने छ ।

८. नगरपालिका क्षेत्र भित्र निर्माण गरिएका अधिकाँश ठुला तथा भित्रि सडकहरुको हाल सम्म पनि लगत कट्टा नभई व्यक्तिको नाममानै कायम रहेको कारण बोटो सम्बन्धमा विवाद तथा सडक बिक्रि तथा अतिक्रमण हुने समेत भएको हुँदा यस अ.व.बाट सडकको लगत कट्टा कार्य शुरु गरिने छ ।

**छ. <u>राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संबन्ध विस्तार तर्फका नीतिहरु:</u>**

१. धुलिखल नगरपालिका र उल्जिन काउन्टी, दक्षिण कोरिया बीच भगिनि सम्बन्ध स्थापना भई सकेको छ । यस सम्बन्ध पश्चात दुवै शहरहरुबीच मित्रवत सम्बन्ध स्थापित भई दुवै देशको नियम कानुनमा आधारित रही पारस्पारिक लाभ तथा समानताको सिद्धान्तमा कृषि, व्यापार, पर्यटन, संस्कृति, शिक्षा, व्यक्तित्व विकास, व्यापार प्रवर्दन, पारस्परिक सम्बृद्धि लगायतका विविध क्षेत्रहरुमा सक्रिय तथा प्रभावकारी रुपमा सहयोग आदान प्रदान तथा सहकार्य अभिवृद्धि गर्दै दुवै तर्फको साझा सम्मृद्धि तथा विकास प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यसै अनुरुप नगरपालिकाले छिमेकी देश चीनको ईयू शहर सँग भगिनी सम्बन्ध स्थापना गर्ने प्रक्रियामा रहेको र सोको लागि आवश्यक अभ्यासहरु गरिदै उक्त शहर बीच छिट्टै नै भगिनी सम्बन्ध स्थापना हुने व्यहोरा समेत जानकारी गराउदछु ।

२. धुलिखेल नगरपालिकाको समग्र पर्यटनको प्रवर्द्धन तथा विकासका लागि सो क्षेत्रमा निरन्तर कार्य गर्ने सँस्था सँग सम्बन्ध विस्तार गर्ने नगरपालिकाको लक्ष्य रहेको छ । यसै अनुरुप अन्तराष्ट्रिय पर्यटनको विकासमा कार्य गर्ने अग्रणी अन्तराष्ट्रिय संस्था (TPO- Tourism Promotion Organization for Asia Pacific Cities) सँग सदस्यता लिने कार्य समाप्त भएको छ । उक्त संस्था सँग आफ्नो पर्यटन प्रवर्द्धन तथा पर्यटन उद्योगको स्थापना तथा विकास गर्ने उदेश्यले विश्वका लगभग २०० भन्दा बढी शहरहरु आबद्द भईसकेको सन्दर्भमा धुलिखेल पनि एक ऐतिहासिक, पुरातात्विक, प्राकृतिक सम्पदाले भरिपूर्ण भई पर्यटनको प्रचुर सम्भावनायुक्त नगरी भएको कारणले उक्त संस्था सँग सदस्यता लिन पहल गरिएको हो । यक्त सँस्था सदस्यता पश्चात नगरपालिकाले आफ्नो पर्यटन प्रवर्द्धनमा अन्तराष्ट्रिय स्तरमा भएका पहलहरु सिक्न र बुझ्न मौका मिल्ने अपेक्षा लिईएको छ ।

३. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अन्तराष्ट्रिय स्तरको विषयगत तालिम प्रदान गरी सिप विकास गराउने उदेश्यले नगरपालिकाले विभिन्न अन्तराष्ट्रिय संघ संस्थाको सदस्यता लिने निति अगाडी बढाईएको छ । यसै क्रममा **WeGO-World E Government Organization** सँग सदस्यता लिईएको र उक्त संस्थाको आयोजनामा नगरपालिकामा कार्यरत विभिन्न शाखागत कर्मचारीहरुलाई विभिन्न सीप मूलम तथा क्षमता विकास तालिममा सहभागि गराईसकिएको छ । यसै क्रममा नगरपालिकाको शहरी विकास तथा सडकको स्तरिय व्यवस्थापनका गर्न सडक सम्बन्धी कार्य गर्ने अन्तराष्ट्रिय संस्था (IRF)International Road Federation सँग सदस्यता लिने सम्बन्धमा आवश्यक पहल समेत भईरहेको छ ।

४. त्यस्तै नेपाल नगरपालिका संघको संयोजन तथा UCLG ASPAC (United Cities and local Government Asia Pacific) को सहकार्य एबं वाताबरण तथा

जनसंख्या संस्था (एन्फो) को प्राबिधिक सहकार्यमा नेपालका ५ वटा नगरपालिकामा संचालित (Municipalities Network Advocacy on Sanitation in South Asia) परियोजनाको कार्यन्वयन सन्दर्भमा नेपाल नगरपालिका संघ र धुलिखेल नगरपालिका बीच समझदारी पत्रमा (MOU) हस्ताक्षर समेत सम्पन्न गरिएको छ ।